# आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट

## (वार्षिक योजना तथा कार्यक्रम सहित)



**मोदी गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**पातिचौर, पर्वत**

**गण्डकी प्रदेश, नेपाल**


Website: modimun.gov.np | Email: info@modimun.gov.np

Facebook: मोदी गाउँपालिका - facebook.com/modi.parbat | Phone No: ०६७-४१०१६४

# आर्थिक वर्ष २०८२/२०८३ को
# वार्षिक नीति कार्यक्रम, बजेट


मोदी गाउँपालिका

Modi Rural Municipilty

गाउँ कार्यपालिका कार्यालय

Office of Rural Municipal Executive

पातिचौर, पर्वत

Patichaur, Parbat

**Website: modimun.gov.np**

**Email: info@modimun.gov.np**

**Facebook: मोदी गाउँपालिका - facebook.com/modi.parbat**

**Phone No.: ०६७-४१०१६४**

मोदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल



प.सं.: २०८२/०८३

## शुभकामना

सर्वप्रथम, आवधिक निर्वाचन २०७९ मा हामीलाई अमूल्य मत दिएर निर्वाचित गराउनुहुने सम्पूर्ण मोदी गाउँपालिकाका मतदाता तथा आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूप्रति पुनः स्मरण सहित हार्दिक आभार र धन्यवाद ज्ञापन गर्दछु। नेपालको संविधान (२०७२) ले स्थापित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको जगमा उभिएर आज 'सिंहदरबारको अधिकार' नागरिकको घरदैलोसम्म पुगेको छ। साना कामका लागि केन्द्रसम्म धाउनुपर्ने बाध्यताको अन्त्य भएको छ र राज्यका सबै निकायमा समानुपातिक, समावेशी र सहभागितामूलक प्रतिनिधित्व सुनिश्चित भएको छ। यसै सन्दर्भ सहित आगामि आर्थिक वर्ष २०८२/८३ का लागि विभिन्न टोल, वडा, समिति, संघसंस्था तथा विज्ञहरूको राय-सुझाव समावेश गरी तयार पारिएको यो नीति, योजना, कार्यक्रम तथा बजेट मिति २०८२/०३/१० मा गाउँ सभामा प्रस्तुत भई सर्वसम्मत पारित भई सफल कार्यान्वयनको चरणमा रहेको छ।

यस वर्ष हामीले **"समृद्ध मोदी, सुखी मोदीवासी"** को दीर्घकालीन सोचलाई साकार पार्न ठोस कदम चाल्ने अठोट गरेका छौं। हाम्रो गाउँपालिका प्राकृतिक, सांस्कृतिक र मानवीय स्रोत साधनले भरिपूर्ण छ। यसको सही सदुपयोग गर्दै हामीले दिगो विकासको बाटोमा हिँड्नुपर्छ। यसका लागि हामीले कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेका छौं। यस वर्षको हाम्रो योजनाहरूमा विशेषगरी सडक सञ्जालको विस्तार, ग्रामीण विद्युतीकरण, खानेपानीको पहुँच र सिँचाइ सुविधा लाई जोड दिइएको छ।

अन्तमा, यस वार्षिक योजनालाई सफल बनाउन सबैको साथ र सहयोग अपरिहार्य छ। म सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु, राजनीतिक दलहरू, नागरिक समाज, बुद्धिजीवी, र सम्पूर्ण गाउँपालिकावासीहरूलाई आआफ्नो स्थानबाट सकारात्मक योगदान पुर्याउन हार्दिक आग्रह गर्दछु। तपाईंहरूको सुझाव र सहभागिता हाम्रो लागि प्रेरणाको स्रोत हो। हाम्रो साझा प्रयासबाट नै मोदी गाउँपालिकालाई समृद्ध र समुन्नत बनाउन सकिन्छ। आगामी दिनमा हाम्रो सेवा प्रवाहलाई सुदृढ बनाउँदै हामी सबैको सहकार्यमा गाउँपालिकालाई स्वस्थ र समृद्ध बनाउन सकिन्छ भन्नेमा म विश्वस्त छु।

**धन्यवाद !**

**हिरादेवी शर्मा**
**(अध्यक्ष, मोदी गाँउपालिका पर्वत)**

**मोदी गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**पातिचौर, पर्वत**

गण्डकी प्रदेश, नेपाल



प.सं.: २०८२/०८३

## शुभकामना मन्तव्य

आदरणीय गाँउ कार्यपालिकाका सदस्यहरू, सम्पूर्ण वडा अध्यक्ष तथा सदस्यहरू, कर्मचारी वर्ग, विकास साझेदारहरू, निजी क्षेत्रका प्रतिनिधिहरू र समस्त मोदी गाँउपालिकाका प्यारा दिदीबहिनी तथा दाजुभाइहरूमा प्रथमतः हार्दिक धन्यवाद, न्यानो अभिवादन व्यक्त गर्दछु । मोदी गाँउपालिकामा रहेका अपार प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय सम्भावनाहरू र हाम्रा मानवीय पूँजी लाई गाँउपालिकाको विकासमा लगाउन सकिएको खण्डमा मात्र **समृद्ध मोदी, सुखी मोदीवासी** को लक्ष्य प्राप्त गर्न सकिन्छ । यी सम्भावनाहरूलाई यथार्थमा बदल्न र गरीबी, बेरोजगारी, शिक्षा तथा स्वास्थ्यमा देखिएका चुनौतीहरूलाई सम्बोधन गर्न हामी एकताबद्ध छौँ। दिगो विकासका सारभूत लक्ष्यहरुलाई स्थानीयकरण गर्दै अगाडि जानका लागि पूर्वाधार विकासमा हामीले एउटा जग स्थापित गरि सकेका छौं।

आर्थिक वर्ष २०८२/८३ को मार्गचित्र नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले तोकेको समावेशी, सन्तुलित र परिणाममुखी विकासको सिद्धान्तलाई आत्मसात् गर्दै, हामीले आर्थिक वर्ष २०८२/८३ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेका छौँ। यो बजेट केवल आयव्ययको विवरण मात्र नभएर हाम्रो सामूहिक सोच, प्रतिवद्धता र उज्जवल भविष्यको दस्तावेज हो । यसले गाँउसभाबाट पारित भएका दूरगामी सोचका कार्यक्रमहरूलाई कार्यान्वयन गर्नका लागि स्पष्ट दिशा प्रदान गर्नेछ। यो बजेट कार्यान्वयनको चरणमा जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति र सबै सरोकारवालाहरूको रचनात्मक सहयोग, सक्रिय सहभागिता र इमान्दारिता अपरिहार्य छ ।

गाँउपालिकाको दिगो र सन्तुलित विकासका लागि जनसहभागीतामा आधारित योजना तर्जुमाको सिद्धान्तलाई हामीले सधैँ महत्व दिएका छौँ र आगामी दिनहरूमा पनि दिनेछौँ। यस योजना तथा बजेट कितावले हाम्रो साझा लक्ष्य हासिल गर्नका लागि एउटा बलियो जग तयार गर्ने विश्वास लिएको छु । अन्त्यमा, यस महत्वपूर्ण दस्तावेजको तयारीमा संलग्न सम्पूर्ण जनप्रतिनिधि, प्रशासकीय प्रमुख तथा कर्मचारी मित्रहरू साथै महत्वपूर्ण सुझाव प्रदान गर्ने सहयात्री राजनीतिक दल र दलका नेता साथिहरु, अग्रज नेतृत्वहरु लगायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै, आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सर्वपक्षीय सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

**बिमल लामिछाने**

**उपाध्यक्ष**

**मोदी गाउँपालिका**
# गाउँ कार्यपालिकाको कार्यालय
**पातिचौर, पर्वत**
गण्डकी प्रदेश, नेपाल



प.सं.: २०८२/०८३

**प्रमुख प्रशासकीय अधिकृतको कलमबाट**

नेपाली जनताले लामो र वलिदानीपूर्ण संघर्षद्वारा स्थापित गरेको जनतामा निहित सार्वभौमसत्ता सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागी संभावनाको ढोका खुला गरेको छ।नेपालको संविधानको धारा ५६ को उपधारा (१) मा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ प्रदेश र स्थानिय गरी तीन तहको हुने संवैधानिक व्यवस्था रहेको छ ।यसैगरी ऐ. धाराको उपधारा (२) मा नेपालको राज्यशक्तीको प्रयोग संघ प्रदेश र स्थानिय तहले संविधान तथा कानुन बमोजिम गर्नेछन भनी उल्लेख भए बमोजिम आम नागरिकको सबैभन्दा नजिकको र नागरिकले अनुभूती गर्न सक्ने सरकारको रुपमा संविधान बमोजिम स्थानिय सरकारहरु गठन भएका छन ।गाउँगाउँमा सिंहदरबारको नारालाई सार्थक तुल्याउन राज्यको स्रोत साधनहरुको समुचित एवं समन्यायिक वितरण गर्ने र स्थानिय आवश्यकता चुनौती र संभावना सम्बन्धमा स्थानिय तह नै बढी जवाफदेही र जिम्मेवार हुने हुँदा आम नागरिकको अपेक्षा को संवोधन गर्नु स्थानिय सरकारको पहिलो र अनिवार्य दायित्व हो।स्थानिय तहको विकास नै समग्र प्रदेश एवं राष्ट्रको विकासको मुल आधार हो ।सुचना प्रविधिको द्रुत विकास र भूमण्डलीकीकृत विश्वको प्रभाव स्वरुप स्थानिय नागरिकहरुको विकास र सुशासन प्रतिको अपेक्षामा व्यापक रुपमा वद्लाव आएको छ।जनताको बढ्दो अपेक्षा र विकास प्रतिको चाहना पुरा गर्नु स्थानिय सरकारको प्रमुख दायित्व भएको हुँदा नागरिकको बढ्दो अपेक्षाको सम्बोधन गर्नेगरी नागरिकमैत्री बजेट नीति तथा कार्यक्रमहरु तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको लागी मोदी गाउँपालिका प्रयन्तशिल रहेको छ। संघिय सरकार र प्रदेश सरकारको बजेट नीति तथा योजनाको कार्यान्वयनको प्रमुख आधारको रुपमा स्थानिय सरकार रहेको हुँदा संविधानको सिद्धान्त बमोजिम तीन तहका सरकारहरु विच प्रभावकारी समन्वय तथा सहकार्यमा समेत जोड दिंदै आएको छ।

स्थानीय तहको दोस्रो कार्यकालको तेस्रो वर्षमा आईपुग्दा मोदी गाउँपालिकाले शासकिय प्रवन्ध, विकास व्यवस्थापन तथा सेवा प्रवाहमा नविनता तथा नवप्रवर्तनमा जोड दिंदै स्थानिय सरकारलाई थप परिष्कृत बनाउँदै लगेको छ ।चालु आर्थिक वर्ष २०८२।०८३ को बजेट मार्फत सामाजिक न्याय सहितको आर्थिक सामाजिक रुपान्तरणद्धारा जनताको जीवनस्तरमा सुधार ल्याउन गुणस्तरीय पुर्वाधार, उत्पादनशील रोजगारी एवम उद्यमशीलता विकास मार्फत आर्थिक सृमृद्धी तथा समुन्नत समाज निर्माणको संकल्प लिएको छ। प्रत्येक स्थानिय तहले असार १० गते बजेट पेश गर्नुपर्ने संवैधानिक एवम् कानूनी प्रावधन बमोजिम सहभागितामुलक योजना छनौट प्रणालीको अवलम्वन गरी बस्ति तथा टोलस्तरबाट प्राप्त हुन आएका योजना तथा कार्यक्रमहरु माथी १७ औं गाउँसभामा व्यापक छलफल गरी योजनाहरु पारित भएका छन। बजेट तथा योजना तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, संघ तथा प्रदेशको

नीति बजेट तथा कार्यक्रममा, मोदी गाउँपालिकाको प्रथम पञ्चबर्षीय योजना, वडा तथा गाउँपालिकास्तरिय सार्वजनिक सुनुवाई तथा छलफल कार्यक्रमहरुको आयोजना गरी स्थानीय सरोकारवालाहरुको सल्लाह, सुझाव र स्थानीय आवश्यकता र प्राथमिकताको निर्धारण गरिएको छ ।मोदी गाउँपालिकाको समृद्धीको मुल संवाहक कृषी, पर्यटन, उद्यमशिलता विकास जस्ता प्रमुख क्षेत्रलाई बजेट तथा कार्यक्रममा प्राथमिकता दिईएको छ ।चालु आ व २०८२।०८३ को बजेट तथा नीति कार्यक्रममा कृषीको उत्पादन तथा उत्पादकत्व अभिबृद्धी तथा ग्रामिण पर्यापर्यटनलाई एक अर्कासँग जोड्दै एकिकृत विकासमा जोड दिइएको छ ।नीति, बजेट तथा कार्यक्रमलाई वस्तुपरक र यथार्थपरक बनाउन सदैव सल्लाह, सुझाव र मार्गदर्शन गर्नु हुने श्रदेय अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू,वडाध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, सभाका सम्पूर्ण सदस्य एवं विभिन्न विषयगत समितिप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। बजेट तथा नीति कार्यक्रम निर्माणको दौरानमा अहोरात्र खटिएर सहयोग गर्नुहुने गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा तथा वडा कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरू, विभिन्न राजनीतिक दल, संघसंस्था, सञ्चार माध्यम तथा टोल विकास संस्थाहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।मोदी गाउँपालिकाको आर्थिक, सामाजिक विकास, समृद्धि र सामाजिक सचेतना एवं परिचालनमा सहयोग एवं सहकार्य गर्ने विकास साझेदार संस्थाहरु प्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा, कुनै पनि नीति तथा कार्यक्रमको सफलता यसको प्रभावकारी कार्यान्वयनमा निर्भर रहने हुनाले चालु आ व २०८२।०८३ को बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन गर्नु हाम्रो लागी चुनौतीको रुपमा रहेको छ।कुनै पनि बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वनयको लागी कार्यान्वयन गर्ने निकायको कार्यान्वयन दक्षता  समेत अभिबृद्धि गर्नुपर्ने अवस्था हामी सामु रहेको छ । देशको विद्यमान आर्थिक अवस्था तथा स्थानिय साधन स्रोतको सिमितता तथा अप्रयाप्तता , संघिय तथा प्रदेश सरकारको वित्तिय हस्तान्तरणमा आईरहेको र कानूनी जटिलताका बावजूद पनि प्रभावकारी योजना कार्यान्वयन गर्नुपर्ने बाध्यत्मक अवस्था हामीसामु रहेको छ। तसर्थ विगतका अनुभव तथा कमिकमजोरीबाट पाठ सिक्दै कार्यन्वयनमा चुस्तता ल्याउने प्रतिबद्धतासहित चालु आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनको लागी सकारात्मक सहयोगको लागी सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी एवं मोदी बासी समक्ष अपेक्षा गर्दछु।

धन्यवाद !

**(बाबुराम पुरी)**
**प्रमुख प्रशासकिय अधिकृत**

**संरक्षकः**

अध्यक्षः श्री हिरा देवि शर्मा
उपाध्यक्षः श्री बिमल लामिछाने
प्रमुख प्रशासकीय अधिकृतः श्री बाबुराम पुरी

**बिषयगत समितिका संयोजक**

आर्थिक विकास समिति संयोजकः श्री लक्ष्मी वि क
सामाजिक विकास समिति संयोजकः श्री सुक बहादुर गुरुङ
पूर्वाधार विकास समिति संयोजकः श्री टेक बहादुर गुरुङ
वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजकः श्री देबेन्द्र बहादुर क्षेत्री
संस्थागत विकास तथा सेवा प्रवाह, सुशासन समिति संयोजकः श्री दुर्गा प्रसाद शर्मा

**सम्पादन मण्डल :**

**बाबुराम पुरी**
(प्रमुख प्रशासकिय अधिकृत)
**प्रविन पोखेल**
(प्रशासकिय अधिकृत)
**दिनेश शर्मा**
(शिक्षा अधिकृत)
**ढाकाराम लामिछाने**
(लेखा अधिकृत)
**ई.दिपक शर्मा**
(सूचना प्रविधि अधिकृत)
**राजेन्द्र प्रसाद आचार्य**
(सहायक लेखा अधिकृत)

**प्रकाशन मितिः** २०८२ असोज
**सर्वाधिकारः** प्रकाशकमा सुरक्षित

**प्रकाशक**

**मोदी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पातिचौर, पर्वत

# मोदी गाउँपालिकाको भू तथा जैविक वातावरणिय अवस्था

## १ अवस्थिति र सिमाना




*चित्र ३: मोदी गापाको भू-उपयोगको नक्सा*

मोदी गाउँपालिका गण्डकी प्रदेशका पर्वत जिल्लामा पर्ने ७ स्थानिय तहहरु मध्येको एक स्थानिय तह हो । यो गाउँपालिका साविकका भुकताङले, देउपुर, देउराली, क्याङ, बाजुङ, तिलहार, राम्जादेउराली र चित्र गरी जम्मा आठ वटा गाउँविकास समितिहरु मिलाएर नेपाल सकारको मितिः २०७३।११।२७ को निर्णयले स्थापना गरिएको हो । यो गाउँपालिकामा पहाडी संरचना वढी तर समथर बेंसी र टारहरुको क्षेत्र कम छ र यो पूर्व अक्षांशको ८३°६५'९७"–८३°८२'४८" देखी उत्तरमा २८°८२'४८"–२८°४०'०८" देशान्तर सम्म फैलिएको छ । यस गापामा भुकताङले (१), देउपुर (२), देउराली ( ३), क्याङ (४), बाजुङ (५), तिलाहार (६), राम्जादेउराली (७) र चित्रे (८) गरी ८ वटा वडाहरु पर्दछन्। गापाको मुख्यालय पातिचौर वडा नम्बर २ मा पर्दछ ।मोदी गापा पूर्वमा कास्की जिल्लाको अन्नपूर्ण गापा र पोखरा महानगरपालिकाको २३ वडाका सिधाने गाउँ, पश्चिममा पर्वतको जिल्लाकै जलजला गापा, उत्तरमा म्याग्दी जिल्लाको अन्नपूर्ण गापा र दक्षिणमा पर्वत जिल्लाकै कुस्मा नगरपालिकाको चार किल्लाभित्र पर्दछ । यस पालिकाको चारैतर्फ डाडाले घेरेको छ र यो पूर्वमा पञ्चासेको धुरी ( २,५१७ मी.) र पश्चिममा हाम्पलको चुलीसम्म (३,३०९ मी.) फैलिएको छ । हाम्पलको पुर्वी मोहोडाबाट पातिखोला र भुरुङदीखोलाको उत्पत्ति भएको छ भने पञ्चासेबाट पश्चिमी पानीढलतर्फ रतिखोला, लिदीखोला र जरेखोला उत्पत्ति भएको छ । विश्व चर्चित अन्नपूर्ण हिमाल मोदीखोलाको मुहान हो जो गापाको मध्यस्थ भएर वग्दछ । पातिखोला र भुरुङदीखोला सिधै मोदीखोलामा गएर मिसिन्छ भने लिदीखोला रतिखोला हुँदै दोविल्लामा पुगेपछि मात्र मोदीखोलामा गएर मिसिन्छ ।

## २ क्षेत्रफल

मोदी गापाको कूल क्षेत्रफल १४३.६ वर्ग किलोमिटर रहेको छ जो पर्वत जिल्लाको कूल क्षेत्रफलको लगभग २९ प्रतिशत क्षेत्रफल हो र यो गापा पर्वत जिल्लाको सवैभन्दा ठूलो पालिका पनि हो। यसका ८ वटा वडाहरु छन्न वडा नं. १ भुकताङले सबैभन्दा ठूलो (४३.७ वर्ग किमी) र वडा ५ बाजुङ (९.१८ किमि२) सबैभन्दा सानो

वडा हो। यस पछि क्रमशः दोस्रो ठूलोमा वडा न.४ क्याङ (२०.४९ वर्ग किमी), तेस्रो ठूलोमा वडा ६ तिलाहार (१८.६२ वर्ग किमी), चौथो ठूलामो वडा ५ देउराली (१६.१८ वर्ग किमी), पांचौ ठूलामो वडा ८ चित्रे (१२.८९ वर्ग किमी), र यसैगरी वडा ७ राम्जादेउराली (१०.६७ वर्ग किमी) र वडा २ देउपुर (१०.६४ वर्ग किमी) वडाहरू पर्दछन्।

## ३ भू–उपयोगको अवस्था

***तालिका १: मोदी गापाको वडागत भू-उपयोगको अवस्था (वर्ग किमी)***

| वडा | मुख्य वस्ती | सिमसार | पर्ति/सुख्खा जमिन | वन-धाँसे मैदान | आवास/घरघडेरी | जम्मा (किमि²) |
|---|---|---|---|---|---|---|
| १ | भुकताङले | १.७७ | ५.०८ | १९.१४ | १७.७१ | ४३.७ |
| २ | देउपुर | २.१५ | २.७९ | ३.७४ | १.९३ | १०.६५ |
| ३ | देउराली | १.३३ | ३.२३ | १०.२५ | १.३७ | १६.१८ |
| ४ | क्याङ | ०.१७ | ४.०३ | १०.९५ | ५.३२ | २०.४७ |
| ५ | बाजुङ | ३.६९ | २.७४ | १.८ | ०.९४७ | ९.१७७ |
| ६ | तिलाहर | ३.०४ | ४.०२ | ९.३९ | २.१७ | १८.६२ |
| ७ | राम्जादेउराली | १.६१ | ३.०९ | ४.५८ | १.३९ | १०.६७ |
| ८ | चित्रे | २.७८ | २.२६ | ६.४४ | १.४२ | १२.९ |
| | जम्मा | १६.५४ | २७.२४ | ६६.३३ | ३२.२५ | १४२.३६७ |
| | ***प्रतिशत*** | ***११.६२*** | ***१९.१३*** | ***४६.५९*** | ***२२.६६*** | |

मोदी गापाको सम्पूर्ण भूमीको अवस्था खेत, वारी वा पाखोवारी, घर वा वस्ती तथा वनजंगल क्षेत्र गरी चार उपयोग क्षेत्रमा भएको पाइन्छ जस्को भौगोलिक वितरण अवस्थामा एकरुपता छैन तर वडानुसार फरक फरक छ। गापाको कूल क्षेत्रफलको सबैभन्दा ठूलो अंश वन, चरन र झाडी क्षेत्रले ओगटेको छ (६६.३३ वर्ग खेती योग्य क्षेत्रको सबै भन्दा बढी क्षेत्रफल (३.६९ वर्ग किमी) वार्ड नं. ५ मा र सबै भन्दा कमी क्षेत्रफल (०.१९ प्रतिशत) वार्ड नं.४ मा छ। पाखोको २७.२४ वर्ग किमी मध्येसबै भन्दा बढी (५.०८ वर्ग किमी) वार्ड नं १ मा र सबै भन्दा कम (२.२६ वर्ग किमी) वार्ड नं.८ मा छ। जंगल, चरन, झाडीले ढाकिएको क्षेत्रफलको सबै भन्दा धनी ( १९.१४ वर्ग किमी) वार्ड नं. १ हो भने वार्ड नं. ५ मा यो सबैभन्दा कम १.८ वर्ग किमी मात्र छ। आवास तथा घर घडेरी बाझोले ढाकेको ३२.२३ वर्ग किमी मध्ये सबै भन्दा बढी १७.७२ वर्ग किमी वार्ड नं. १ मा र कम ९.४७ वर्ग किमी वार्ड नं. ५ मा छ।

मोदी गाउँपालिका गाउँसभाको १७ औ अधिवेशनमा

गाउँपालिका अध्यक्ष श्री हिरादेवी शर्माद्वारा प्रस्तुत

आर्थिक बर्ष २०८२/८३ को

# नीति तथा कार्यक्रम

मोदी गाउँपालिका

पातिचौर, पर्वत

२०८२ साल अषाढ १० गते

# मोदी गाउँपालिका, पर्वतको
# आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम

**सभाका सदस्यहरु,**

१. मोदी गाउँपालिकाका सम्पूर्ण नागरिकहरुमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको खाका सहित गाउँगाउँमा सिंहदरबारको नारालाई सार्थक रुपमा रुपान्तरण गर्दै आम मोदीबासीको हकहित प्रवर्द्धनमा तल्लिन भएको तीन वर्ष पुरा भएको अवसरमा मोदी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महसुस भएको छ ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो र गौरवपूर्ण ऐतिहासिक जनआन्दोलन तथा विभिन्न कालखण्डमा भएका संघर्षहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । लोकतन्त्र प्राप्तिका लागि विभिन्न चरणमा भएका आन्दोलनहरुको क्रममा वेपत्ता भएका घाईते योद्धा र पिडितहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपालको युगान्तकारी परिवर्तनका लागि भएका विभिन्न आन्दोलनको अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदान प्रति उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

३. संघीय संरचनामा स्थानीय सरकार समग्र शासन प्रणालीको मेरुदण्ड र आम नागरिकले प्रत्यक्ष रुपले देख्न सुन्न र महशुश गर्न सक्ने आम नागरिकको सुख दुखको सरकार रहेको तथ्यलाई मनन गर्दै मोदी गाउँपालिकाको आर्थिक विकास र समृद्धिको सपनालाई साकार पार्न र आम मोदीबासीको अपेक्षाको सम्बोधन गर्ने संकल्प तथा नीतिगत प्रतिवद्धताको रुपमा यस नीति तथा कार्यक्रम तयार गरिएको छ ।

४. नेपालको संविधान २०७२ ले प्रदान गरेका साझा तथा एकल अधिकारको कार्यान्वयन मार्फत लोकतन्त्रका लाभ तथा अवसरको समन्यायिक वितरण मार्फत आम नागरिक समक्ष पुर्याउन मोदी गाउँपालिका प्रतिवद्ध र दृढ संकल्पित छ । शान्ति समुन्नती र समृद्धिको साझा आकांक्षा प्राप्तिको लागि तीनै तहका सरकारहरु विच सहकारिता सहअस्तित्व र समन्वयको सिद्धान्त बमोजिम पारस्परिक सहयोग समन्वय र साझेदारीमा नागरिकका स्थानिय अपेक्षा र आवश्यकताको सम्बोधन गर्ने अठोट यस नीति तथा कार्यक्रमले लिएको छ । गाउँगाउँमा सिंहदरबारको सिद्धान्तलाई व्यवहारमा सार्थक रुपमा प्रतिबिम्बित गर्न र सोको औचित्यता सावित गर्न मोदी गाउँपालिका सदैव प्रतिवद्ध छ ।

५. नेपाल सरकारको **समृद्ध नेपाल: सुखी नेपाली** को राष्ट्रिय संकल्प तथा गण्डकी प्रदेश सरकारको आत्मनिर्भर र समुन्नत प्रदेश सुखी प्रदेशबासीको प्रादेशिक संकल्पलाई स्थानियकरण गर्दै नेपालको संविधान, दिर्घकालिन सोच २१००, दिगो विकास लक्ष्य, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षिय योजना तथा मोदी गाउँपालिकाको प्रथम आवधिक

योजनाले लिएका लक्ष्य एवम् उद्देश्य हासिल गर्ने साझा संकल्पलाई यस नीति तथा कार्यक्रमले प्राथमिकतामा राखेको छ।

६. नेपालको संविधानमा व्यवस्था भए बमोजिम स्थानीय शासन सञ्चालन सम्बन्धी नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकारको सोह्रौं पञ्चवर्षिय योजना, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षिय योजना, भिजन २१०० को लक्ष्य तथा उद्देश्य, दिगो विकास लक्ष्य २०३० को मार्गचित्रको आलोकमा दिगो विकासको संकल्प पुरा गर्न मोदी गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

७. **समृद्ध समाजः समुन्नत नागरिक** निर्माण गर्ने हाम्रो संकल्प, गाउँपालिका वासीहरुको परिवर्तन प्रतिको अभिलाशा तथा आवधिक निर्वाचनका समयमा जनताहरुका माझ व्यक्त प्रतिवद्धताहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२।८३ को नीति तथा कार्यक्रमलाई केन्द्रित गर्ने प्रयास गरेका छौं। यसका लागि दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गर्दै स्थानीय स्रोत र साधनहरुको पहिचान तथा समूचित परिचालन गरी समावेशी, पर्यावरण मैत्री तथा दिगो स्थानीय आर्थिक विकासका गतिविधिहरुको प्रवर्द्धन गर्दै **समृद्ध मोदीः सुखी मोदीवासी** भन्ने मूल संकल्पलाई पुरा गर्न सरकारी, सामूहिक र नीजि प्रयासहरु बीचमा सामञ्जस्यता र साझेदारी विकास गरिनेछ।

यसै पृष्ठभूमिमा मोदी गाउँपालिकाले आर्थिक वर्ष २०८२।०८३ को लागि तय गरेका प्रमुख नीति तथा कार्यक्रम देहाय बमोजिम प्रस्तुत गर्दछु।

**सभाका सदस्यहरु,**

८. स्वास्थ्य सेवालाई सुलभ र पहुँचयोग्य बनाउन पूर्वाधार विकास , क्षमता विकास, सहायता र सहुलियतका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। स्वास्थ्य सेवामा पहुँच वृद्दी गर्न विपन्न नागरिक एकल महिला/पुरूष, आर्थिक , सामाजिक हिसाबले विपन्न नागरिकहरूलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रममा क्रमशः आवद्द गरिनेछ। स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा मापदण्ड बमोजिमको आवश्यक पूर्वाधार तथा व्यवस्थापन मार्फत सेवा प्रवाहमा प्रभावकारिता तथा नविनता कायम गरिनेछ।

९. ज्येष्ठ नागरिक तथा दीर्घ रोगी नागरिकहरुको नियमित स्वास्थ्य परिक्षणका लागि समुदाय स्तरमा स्वास्थ्य शिविर तथा स्वास्थ्य कर्मी परिचालनको आवस्यक व्यवस्था मिलाइने छ। ज्येष्ठ नागरिक तथा दीर्घ रोगी नागरिकहरुको स्वास्थ्य समस्या तथा प्रयोग गर्ने औषधीहरुको सम्बन्धमा थप अध्ययन गरी क्रमशः औषधीहरुको व्यवस्थापन र निशुल्क स्वास्थ्य परामर्श

सेवा उपलब्ध गराईनेछ। आवश्यकतानुसार विशेषज्ञ सेवा सहित स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ।

१०. मोदी-६, तिलाहार स्थित निर्माण सम्पन्न भएको गाउँपालिका स्तरीय प्रसुति सेवा केन्द्रलाई थप व्यवस्थित गरी गुणस्तरिय सेवा सहित संचालनमा ल्याईनेछ । गर्भवती महिलाले स्थानीय स्तरमानै गुणस्तरीय गर्भ जाँच गर्न ग्रामीण अल्ट्रासाउण्ड सेवा सञ्चालनलाई क्रमशः व्यवस्थित गर्दै लगिनेछ ।

११. सुत्केरी महिलाको पोषणको अवस्था सुधारको लागि **सुत्केरीसँग अध्यक्ष** कार्यक्रमलाई थप व्यबस्थित गरि निरन्तरता दिईनेछ। महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ्ग तथा परीक्षणको लागि शिविर सञ्चालन जस्ता कार्यलाइ निरन्तरता दिइनेछ । विपन्न तथा अपाङ्गता भएका नागरिकको स्वास्थ्य उपचारका लागि आवश्यक सहायता गरिनेछ ।

१२. महिला स्वास्थ्य स्यंमसेविकाहरुको स्वयंसेवी भूमिकाको उच्च कदर गर्दै क्षमता विकास तथा सम्मानजनक अवकाशका लागि आवश्यक व्यवस्था मिलाईनेछ । स्वास्थ्यसंग सम्बन्धित **सुरक्षित मातृत्व तथा नवजात शिशु** सम्बन्धी कार्यक्रम संचालनको साथै नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार सँगको सहकार्यमा स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३. स्वास्थ्य सेवामा स्वास्थ्य संस्थाहरु मार्फत प्रवर्द्धनात्मक र उपचारात्मक दुवै पक्षमा जोड दिइने छ। विद्यालय स्वास्थ्य कार्यक्रमलाई थप प्राथमिकतामा राखिनेछ । स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा कार्यरत जनशक्तिको मनोबल उच्च बनाईने छ ।नागरिकहरुलाई विषेशज्ञ सहितको स्वास्थ्य सेवा प्रदान गर्न मोदी गाँउपालिका जन्मस्थान भई स्वास्थ्य क्षेत्रमा ख्याती प्राप्त विशेषज्ञहरुको समन्वयमा आवधिक रुपमा स्वास्थ्य शीविर सञ्चालनका लागि आवश्यक व्यबस्था मिलाइने छ ।

१४. पालिका स्तरीय आयुर्वेद औषधालयको पूर्वाधार सम्पन्न गरी प्रभावकारी सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाईनेछ । नागरिक आरोग्य कार्यक्रमलाइ समुदाय स्तरमा विस्तार गरिनेछ । समुदाय र विद्यालयमा सन्तुलित जीवनशैली तथा योग कक्षाहरु संचालन गरिनेछ । पर्यटकीय गन्तव्यहरु तथा होमस्टेहरुमा योगध्यान कार्यक्रमलाई प्रवर्द्धन गर्दै हिलिङ सेन्टरको रुपमा विकास गरिनेछ ।

१५. समयमै उपचार पाउने नागरिक हकलाई मध्यनजर गर्दै मोदी गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन नसकी अन्य विशिष्टिकृत अस्पताल सम्म लैजानुपर्ने महिलाहरु र ८० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई उपलब्ध गराउँदै आएको निःशुल्क एम्बुलेन्स सेवालाई थप प्रभावकारी र पंहुच योग्य बनाईनेछ।

१६. संक्रामक रोगको रोकथाम र महामारीको प्रतिकार्यका लागि जनस्वास्थ्य निगरानी प्रणालीलाई सुदृढ र सक्रिय बनाईनेछ। जलवायु परिवर्तनजन्य स्वास्थ्य चुनौतीहरुको समाधानका लागि गाउँपालिकाको स्वास्थ्य उपशाखामा पालिका जलवायु स्वास्थ्य अनुकुल केन्द्र (Municipal Climate Health Resilient Unit) स्थापना गरिनेछ।

१७. चुरोट, खैनी, गुट्खा, सुर्ती जस्ता मुख स्वास्थ्यको लागी जोखिमयुक्त मानिएका बस्तुहरु गाउँपालिका भित्रका बजार एवं ग्रामिण क्षेत्रहरुका खास स्थानहरुमा बिक्रि वितरण गर्न नपाईने गरी प्रतिवन्ध लगाईनेछ । विद्यालय, सरकारी कार्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थल वरपर प्रचलित कानुन बमोजिम तोकिएको दुरी भित्र मदिराजन्य पदार्थको बिक्री वितरण एवं विद्यालय वरपरका पसलहरुमा पत्रु खाना (जंक फुड)को बिक्री वितरणमा रोक लगाईनेछ ।

१८. मोदी गाउँपालिकामा १० शैयाको अस्पताल भवन निर्माणको लागि जग्गा प्राप्तिको बाँकी प्रक्रियालाइ आगामी आर्थिक वर्ष २०८२।०८३ मा पुरा गरी डिपिआर लगायत भवन निर्माणको प्रारम्भिक कार्य शुरु गरिनेछ।

**सभाका सदस्यहरु,**

१९. कृषि क्षेत्रको प्रचुर सम्भावनालाई मध्यनजर गर्दै कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर कार्यक्रमहरु सञ्चालन गरिने छ । नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारसँगको सहयोग सहकार्य र समन्वयमा कृषीको उत्पादन र उत्पादकत्व अभिबृद्धिको लागी कृषिमा व्यावसायीकरण, विविधिकरण र यान्त्रिकिकरण गर्दै स्थानिय कृषि उपजको बजारिकरणका लागि डिजिटल प्लेटफर्म तयार गरिनेछ।

२०. कृषि उत्पादन प्रवर्द्धनका लागि **एकगाउँ एक उत्पादन**को मूल मर्मलाई मध्यनजर गर्दै भूगोल एवम् माटो सुहाउँदो खेती प्रणाली आवलम्बन तथा सामुहिक र व्यावसायिक कृषि उत्पादनमा आधारित कार्यक्रमलाई जोड दिइने छ । खेतीयोग्य जमिनलाई खण्डित र प्लटिङ्ग गर्न निरुत्साहित गरिने छ। उत्पादनमा आधारित अनुदानलाई प्रभावकारीरुपमा थप विस्तार गरिनेछ। आधुनिक वैज्ञानिक र प्रभावकारी भू-उपयोग नीति र भूमि व्यवस्थापन प्रणाली अवलम्वन गरी कृषि उत्पादन तथा उत्पादकत्वसँग जोडिनेछ ।

२१. कृषिमा यूवा वर्गलाई आकर्षित गर्न भूमी, कृषि सामग्री, कृषि बाली, पशु विमा, निजी क्षेत्रसँगको सहकार्य र सहलगानीमा एकिकृत कृषक सेवा केन्द्र स्थापना र कृषि उपजको लागी बजारको बलियो इकोसिष्टम कायम गर्ने र संविधान प्रदत्त खाद्य सम्प्रभुताको हकको कार्यान्वयनमा जोड दिईनेछ । कृषि क्षेत्रको विभिन्न विधामा उद्यम गर्न चाहने वैदेशिक

रोजगारबाट सिप सिकेर फर्केका तथा वेरोजगार युवाहरुलाई कृषि तथा पशुपालन तर्फ आकर्षित गर्नका लागि आवश्यक सहयोगको व्यबस्था मिलाइने छ ।

२२. जडिबुटी सम्बन्धी परम्परागत ज्ञान सिपको अभिलेखिकरण गरी खाली बाँझो जमिन, वन, सार्वजनिक एवं निजी जग्गामा जडिबुटी खेती बिस्तार, संकलन र प्रशोधनलाई प्रोत्साहन गरिनेछ । सिमसार तथा जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्न बायो ईन्जिनियरिङ सहितको प्रविधिमैत्री संरचनामा जोड दिईनेछ । जलवायु परिवर्तनको असरलाइ न्युनिकरण गर्न समुदायसँगको सहकार्यमा अनुकुलन कार्यक्रम संचालन गरी जलवायु उत्थानशिलता अभिबृद्धिमा जोड दिईनेछ ।

२३. कृषि, वन, वातावरण, पर्यापर्यटन लगायतका क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने चाहने शोधार्थी निकाय प्रतिष्ठान विश्वविद्यालयलाई आवश्यक सहयोग एवं अध्ययनवृत्ती उपलब्ध गराईनेछ। अध्ययन तथा अनुसन्धानलाई प्राथमिकता दिँदै सम्बन्धित विषय क्षेत्रका विश्वविद्यालय वा क्याम्पसहरुसँग **एमओयू** गरिनेछ।

२४. सरोकारवालाको समन्वय र सहकार्यमा वन अतिक्रमण नियन्त्रण गरिनेछ। डढेलो तथा अन्य कारणले हुने वन विनाश न्यूनीकरण गर्न ज्वलनशिल पदार्थ संकलन एवं जैविक मल प्रशोधन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। वन डढेलोलाई निरुत्साहित गरिनेछ। गाउँपालिकामा अग्नि नियन्त्रण संयन्त्र निर्माण गरिनेछ। सुरक्षा निकाय सँगको सहकार्यमा समुदायमा विपद प्रतिकार्यका लागी कम्युनिटी डिजाष्टर रेस्पोन्स टिम गठन गरिनेछ।

२५. वन्यजन्तु बास व्यवस्थापनका लागि एक सामुदायिक वन एक पोखरी कार्यक्रम संचालन गरिनेछ। कृषीयोग्य जमिनमा भरपर्दो सिंचाई पूर्वाधार निर्माण गरिनेछ।पुराना पोखरीहरुको संरक्षण जल पुर्नभरण उच्च स्थानहरुमा नयाँ पोखरी निर्माण गरी भूमिगत जल प्रणाली रिचार्ज गरिनेछ।

२६. मोदी गाउँपालिका भित्रका पर्यटकीय स्थलहरु पञ्चासे, हम्पाल, सहश्रधारा लगायतका पदमार्गहरुको प्रचार प्रसार तथा कृषि उत्पादनसँग आवद्ध गरी होमस्टे लगायत अन्य पर्यटनजन्य व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।पर्यटकीय पदमार्गहरुमा अत्यावश्यक पर्यटन पूर्वाधार निर्माणमा जोड दिईनेछ। कृषि पर्यापर्टन तथा उद्यमशिलता विकासलाई एक आपासमा समेटेर एकिकृत विकास गरिनेछ। कृषिमा आधारित पर्यापर्यटनमा जोड दिईनेछ।

२७. मानव र कृषि उत्पादनका लागि प्रतिकूल वन्यजन्तु खासगरी बाँदर, बँदेल तथा दुम्सी लगायतसँगको द्धन्द न्यूनीकरण एवम् नियन्त्रणका लागि सफल अभ्यास तथा अनुभवको अनुसरण गरिनेछ । जंगलमा छाडिने चौपाया र अन्य जंगली जनावरबाट समेत हुने बालीनालीको नोक्सानी नियन्त्रण गर्न सामुदायिक वनहरूसँग आवश्यक समन्वय गरी बाली

संरक्षण गर्ने नीति लिईनेछ ।रैथाने बाली बिउ नस्ल र कृषी जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिईनेछ । कृषि उत्पादन, वितरण, भण्डारण र उपभोग शैलीलाई पोषणको अभिन्न अंगको रुपमा लिने गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

२८. कृषि उद्यमशिलता विकास तथा पर्यापर्यटनलाई प्रवीधिमा आधारित बनाउँदै एकिकृत विकास गर्न **स्मार्ट किसान डिजिटल एग्रोटुरिजम कार्यक्रम** संचालन गरिनेछ। कृषि उत्पादनमा स्थानीय नागरिकहरुलाई प्रोत्साहन गर्न **बारी देखी बजार** कार्यक्रम संचालन गरिनेछ। स्थानीय स्तरमा उत्पादित कृषि उपजलाई बजारसम्म ढुवानी गरी बजारिकरणमा आवश्यक व्यबस्था मिलाइने छ। कृषकले घरमै बसेर स्मार्ट बैंकिङ प्रवीधि मार्फत कृषि उपजको मूल्य पाउने व्यवस्था गर्न कृषि सहकारी तथा अन्य सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ।

२९. निर्वाहमूखि कृषि प्रणालीलाई व्यबसायिक बनाउदै लैजाने नीति अनुरुप भूमि बैंक मार्फत जमिनको उपलब्धता सुनिश्चित गर्दै स्थानीय वित्तिय संस्थासंगको समन्वय र सहकार्यमा व्यबसायिक लगानीका लागि आवस्यक व्यवस्था गरिनेछ। व्यवसाय विमा मार्फत आकस्मिक क्षति न्युनिकरण तथा सहकारी क्षेत्रसँगको सहकार्यमा समर्थन मुल्यमा आधारित अग्रिम कृषि उपज खरिद सम्झौता गरी व्यावसायिक जोखिमको संवोधन र बजारको सुनिश्चितता गरिनेछ। तरकारी, फलफुल, घाँसेबाली र विउ उत्पादन आदिको व्यावसायिक पकेट क्षेत्र स्थापना र बाँझो रहेका जमिन भूमी बैंकको अवधारणा बमोजिम सदुपयोग गर्ने नीति अवलम्वन गरी सहकारी वा सामुहिक खेती प्रणाली मार्फत उत्पादन आयआर्जन र रोजगारी प्रवर्द्धनमा टेवा पुर्याईनेछ।

३०. माटोको जैविक गुणमा ह्रास आउन नदिन समय समयमा माटो परिक्षण शिविर संचालन गरिनेछ। माटोको उर्वराशक्ति कायम गर्न कम्पोष्ट मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन दिंदै दिगो र अर्गानिक कृषि उत्पादन प्रणाली प्रवर्द्धनमा जोड दिईनेछ। रसायन तथा विषादीको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादीको उपयोगलाई प्रोत्साहन गरिनेछ ।

३१. कृषि सेवालाई सर्वसुलभ पारदर्शी र वास्तविक किसान वर्गको लागि पहुँचयोग्य बनाउन डिजिटल प्रणालीको प्रयोगमा जोड दिईनेछ। अनुदान, कृषि सामग्री, बिउ, मल, विरुवा तथा प्रवीधि आदिको वितरणलाई विकेन्द्रिकरण गरि वास्तविक किसानको पहुँच सम्म पुर्याइनेछ।

३२. आर्थिक रुपले विपन्न किसानलाई स्थानीय वित्तीय संस्थाहरु सँगको सहकार्यमा सहुलियतपूर्ण ऋण तथा परिचय पत्र सहित आवश्यक सेवा सुविधा प्रदान गरिनेछ।

सुन्तलाको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न संघीय र प्रादेशिक निकाय तथा कार्यक्रमहरु सँग समन्वय एवं सहकार्य गर्दै नयाँ बँगैचा स्थापना, पुरानो बँगैचा सुदृढीकरण र रोगग्रस्त बोट हटाई गुणस्तरिय विरुवा रोपण कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । सुन्तालाका साथ साथै भूगोल र माटो अनुसार सम्भाव्य किवी, कागती, ओखर लगायतका फलफूल खेतीको प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखेर कार्यक्रम संचालन गरिनेछ । ५० प्रतिशत अनुदानमा सुन्तला, कागती र किवी लगायतका फलफूलका विरुवा वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ। तुलनात्मक रुपमा लगानी कम तथा उच्च बजार मुल्य भएका अलैची, ओखर, स्याउ, अदुवा, बेसार, कफी, मह, अल्लोको धागो/तयारी कपडा जस्ता निर्यातयोग्य बस्तुको उत्पादन र बजारीकरणमा जोड दिईनेछ ।

३३. कृषि तथा पशुपंक्षी उपजको सुरक्षित भण्डारण तथा व्यवस्थित बजारीकरणका लागी डेरी तथा मासु पसल सुधार पशुपंक्षी बधस्थल सुधार शीत भण्डारको स्थापना तथा संचालनलाई प्रभावकारी बनाईनेछ । कोदो, फापर, उवा, भाँगो, टुसा, निउरो, सिन्की/गुन्द्रुक, टिमुर, सिस्नो, सिलाम लगायतका रैथाने बाली उत्पादन, ब्रान्डिङ तथा बजारीकरणमा जोड दिईनेछ ।

३४. जैविक खेती प्रणालीलाई सहयोग गर्न सामुहिक गोरु पालन व्यावसायलाई प्रवर्द्धन गरिनेछ । **एक नमुना कृषि फर्मः एकहल गोरु** कार्यक्रमको लागि आवश्यक सहयोग गरिनेछ ।

३५. पहाडी क्षेत्रका काष्ठफल तथा फलफूल विकास आयोजना (NAFHA) बाट संचालित कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक समन्वय एवं सहकार्य गरिनेछ ।

३६. कृषि उत्पादन र उत्पादकत्व वृद्दि तथा कृषकको आय स्तर सुधारको लागि लागि कृषि उपजको न्युनतम समर्थन मूल्य कायम गरिने छ ।कृषि क्यालेण्डर लागू गरिनेछ।कृषकहरुलाइ बगर खेतिमा प्रोत्साहन गर्ने नीति लिइने छ ।

३७. गाउँपालिकाको कृषि क्षेत्रको वास्तविक तथ्याङ्क संकलन गरी नियमित अद्यावधिक गर्ने कार्यलाइ संघीय र प्रदेश सरकारसंगको सहकार्यमा सम्पन्न गरिने छ । किसान सुचीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

३८. निर्माण सम्पन्न भईसकेको गाउँपालिका स्तरीय कोल्डरूम यथाशिघ्र संचालनमा ल्याईने छ। साथै प्रदेश सरकारको समपुरक अनुदानमा मोदी २ पातीचौरमा निर्माणाधिन कोल्ड स्टोरको निर्माण कार्यलाई सम्पन्न गरी संचालनमा ल्याउन आवस्यक व्यबस्था मिलाइने छ।

**सभाका सदस्यहरु,**

३९. पशुपालनलाई व्यावसायिक बनाउन पशुपालनमा संलग्न अगुवा किसानहरुको क्षमता अभिबृद्धि सशक्तिकरण, निशुल्क औषधी, हिउँदे घाँसको विउ वितरण लगायत पशु सेवाको उपलब्धता तथा अन्य अत्यावश्यक सहयोग उपलब्ध गराईनेछ ।पशुपालक किसानका लागि आधारभूत भेटेरीनरी सेवा र भ्याक्सिनको निःशुल्क व्यवस्थापन गरिने छ । गाई, भैसिको नश्ल सुधार एवं उत्पादकत्व वृद्धिका लागि कृतिम गर्भाधान कार्यक्रमलाई थप प्रभावकारी बनाइ निरन्तरता दिइनेछ ।

४०. लागत साझेदारीमा खोर/गोठ सुधार तथा पशुपालन, मत्स्यपालन व्यावसायमा यान्त्रिकिकरण कार्यक्रम संचालन गरिनेछ । दुध तथा पशुजन्य उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने कार्यक्रमलाई संघीय तथा प्रदेश अन्तर्गतका कार्यालयको कार्यक्रमसँग दोहोरो नपर्ने गरी निरन्तरता र विस्तार गरिनेछ ।

४१. लागत साझेदारीमा डिपिङ ट्याङ्क निर्माण, मासु पसल निर्माण तथा सुधारका कार्यक्रम संचालन गरिनेछ। पशुहरुमा हुने बाँझोपन निवारणका लागि घुम्ती एवं घरदैलो तथा किसानहरुलाई पायक पर्ने स्थानमा पशु स्वास्थ्य शिविरहरु संचालन गरिनेछ।

४२. पशुपंक्षी पालन व्यवस्थापन तथा पशु विमा सम्बन्धी विषयमा कृषकहरुलाई तालिम कार्यक्रम संचालन गरिनेछ।घरपालुवा कुकुरको दर्ता तथा अभिलेखीकरण कार्यक्रमको शुरुवात गरिनेछ ।

४३. पशुपंक्षीपालक अगुवा कृषकहरुलाई परजिवी नियन्त्रण तथा पोषणका लागि औषधी तथा फिड सप्लिमेन्टहरु निःशुल्क वितरण गरिनेछ । पशुपंक्षी उपचार तथा स्वास्थ्य प्रर्वद्धनका लागि आवश्यक उपकरण तथा सामग्री प्रबन्ध गरी पालिकास्तरीय भेटेरेनरी प्रयोगशालालाई थप व्यवस्थित गराइनेछ ।

४४. मौरीपालन व्यावसायको संभाव्यता अध्ययन गरी व्यावसाय प्रवर्द्धनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

**सभाका सदस्यहरु,**

४५. उद्यमशिलता विकास तथा उद्यमशिल संस्कृतीको निर्माण मार्फत आन्तरिक रोजगारका अवसर सृजना गरी आयआर्जनका अवसरहरु वृद्धि गरिनेछ । उद्यमशिलतालाई कृषि र पर्यटनसँग जोडेर लक्षित कार्यक्रम संचालन गरिनेछ ।उद्यमशिलताका लागि सिप विकास तालिमहरु आवश्यकताका आधारमा संचालन गरिनेछ। परम्परागत उद्यम र सीपलाई आधुनिक प्रवीधिसँग जोडेर नवप्रर्वतनमा जोड दिईनेछ ।

४६. महिला उद्यमीहरुको क्षमता विकास तथा व्यावसायिक सुनिश्चिताको लागि आवश्यक व्यवस्था गरिनेछ ।उद्यमी सँग भएको सिपको प्रमाणीकरणको लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय एवं सहकार्य गरिनेछ ।

४७. स्वःरोजगार तथा रोजगारउन्मूख उद्यमशिलता विकासका लागि साझेदार संस्थाहरुको सहकार्यमा अल्लो प्रशोधन उद्योग तथा ढाका उद्योग स्थापना गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गरिनेछ ।मोदी गाउँपालिकाको कोशेली तथा सौगात घरलाई स्थानिय उत्पादनको बजार प्रवर्द्धन हुनेगरी नयाँ व्यवस्थापकिय ढाँचामा संचालनमा ल्याईनेछ ।

४८. उद्यमशिलता तथा सिप विकास तालिमहरु विशिष्टिकृत निकायहरु सँगको सहकार्यमा मात्र संचालन गरिनेछ। तालिम कार्यक्रमहरुमा समयानुकल परिमार्जन गरिनेछ।तालिम कार्यक्रमहरु स्थानिय आवश्यकता तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय बजार मागको विश्लेषण गरि सोही आधारमा छनौट तथा संचालन गरिनेछ । तालिममा आर्थिक सामाजिक रुपले पछाडि परेका, सिमान्तकृत वर्ग, एकल महिला तथा स्वरोजगारमा आवद्ध हुन प्रतिवद्ध युवा वर्गलाई प्राथमिकता दिईनेछ। स्थानीय महिला समूहहरुलाई उद्यमशिलता तथा सीप विकास तालिम प्रदान गरी आयआर्जनका क्रियाकलापमा सरिक गराईनेछ। आमा समूहहरुले उत्पादन गरेका स्थानीय उत्पादनलाई ब्रान्डिङ तथा बजारिकरण गरिनेछ।

४९. स्थानीय स्तरमा रोजगारी र आयआर्जनका अवसर सृजना गरी गरिबी निवारणका लागि सार्वजनिक, सहकारी र निजी क्षेत्र विच सहकार्य प्रवर्द्धन गरिनेछ।

५०. गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा उद्यमशिलताको माध्यमबाट रोजगारी सिर्जना गर्नका लागि लघु तथा घरेलु उद्यम कार्यक्रम मार्फत लक्षित वर्गलाई आयआर्जन र रोजगारी सिर्जना हुने कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ। स्थानीय स्रोत र साधनलाई उपयोग गरी रोजगारी सृजनाको लागि साझेदार संस्थाहरुसंगको लागत सहभागीमा अल्लो प्रशोधन उद्योग तथा ढाका उद्योग स्थापना गरी संचालन गरिनेछ।

५१. युवा उद्यमीहरुलाई परियोजना धितो राखी स्थानिय बैंक तथा वित्तिय संस्थासँगको सहकार्य मार्फत आवश्यक स्टार्टअप कर्जा उपलब्ध गराईनेछ । वैदेशिक रोजगारीबाट ज्ञान, सिप हासिल गरी फर्केका र स्वदेशमै उद्यम गर्न चाहने प्रतिबद्ध युवालाई आवश्यक सहयोग सहित प्राथमिकता दिईनेछ ।

५२. **दिदिबहिनीसँग अध्यक्ष** कार्यक्रम मार्फत महिलाहरुको क्षमता विकास र आय आर्जनमा सहयोग पुर्याउन उक्त कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता दिईनेछ। कार्यक्रम मार्फत लक्षित वर्गका महिलाहरुको संरक्षण, विकास, सशक्तीकरण र सहभागितामा गुणात्मक

परिवर्तन ल्याइनेछ । महिलाहरुको उद्यमशिलता विकास लाई उद्यम पर्यटन तथा कृषि क्षेत्र सँग अन्तरआवद्ध गरिनेछ ।

**सभाका सदस्यहरु,**

५३. कृषि पर्यटन र उद्यमशिलता जस्ता अन्तरसम्बन्धित क्षेत्रको एकिकृत विकास र प्रविधिको प्रयोग मार्फत कृषिमा आधारित पर्यापर्यटनको विकास गरी मोदी गाउँपालिकालाई गण्डकी प्रदेशको पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न स्थानीय पदमार्गहरुको व्यापक प्रचारप्रसार र ब्रान्डिङ गरी पर्यटकको आगमनलाई प्रोत्साहन हुने वातावरण निर्माण गरिनेछ ।

५४. गाउँपालिका भित्रका पर्यटकिय महत्वका क्षेत्र तथा पूर्वाधारहरुको व्यापक प्रचारप्रसार गर्दै प्राकृतिक/सांस्कृतिक तथा आन्तरिक पर्यटनको आकर्षक गन्तव्यको रुपमा विकास गरिनेछ । पर्यटन क्षेत्रलाई आयआर्जन रोजगारी र स्थानीय समृद्धिको आधारको रुपमा विकास गरिनेछ ।

५५. भुक, लप्सीबोट, लेस्पार, चित्रे लगायतका मगर तथा गुरुङ समुदायका वस्तिहरुमा रहेका सामुदायिक होमस्टेहरुलाई आधुनिकिकरण एवं प्रविधिमैत्री बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

५६. सामुदायिक घरबास, कोशेली घर, गुरुङ तथा मगर संग्राहलय, ईकोभिलेज पदमार्ग र हिलस्टेसन मार्फत आन्तरिक पर्यटकलाई आकर्षित गरी पर्यापर्यटनलाई आन्तरिक आय बृद्धि र रोजगारी सृजना सँग जोडिनेछ।

५७. गाउँपालिका भित्रका पर्यटकिय महत्वका क्षेत्र तथा सम्पदाहरुको व्यापक प्रचारप्रसार गर्दै प्राकृतिक, सांस्कृतिक तथा आन्तरिक पर्यटनको आकर्षक गनत्व्यको रुपमा विकास गरिनेछ । पर्यटन क्षेत्रलाई आयआर्जन रोजगारी र स्थानीय समृद्धिको आधारको रुपमा विकास गरिनेछ। पर्यटकीय पदमार्गहरुमा स्थानिय पर्यटन व्यावसायीहरु सँगको सहकार्यमा डिजिटल सुचना बोर्डहरु एवं स्थानिय साधन स्रोत र सीपको प्रयोग गरी विश्राम स्थलहरुको निर्माण गरिनेछ। गाउँपालिका भित्रका धार्मिक साँस्कृतिक तथा पुरातात्विक एवम् पर्यटकीय स्थल संरक्षण र सम्वर्द्धन गर्दै गाउँपालिका भित्रका सम्पदाहरुलाई सुचना प्रवीधिको प्रयोग मार्फत प्रचार प्रसार एवं पर्यटन बजारसँग आवद्ध गरिनेछ।

५८. मोदी गाउँपालिका भित्र रहेका प्रख्यात धार्मिक तथा पर्यटकिय स्थलहरुमा आवश्यक पर्यटन पूर्वाधारहरु तथा पर्यटकिय सुचना केन्द्रहरुको निर्माण गरिनेछ । नयाँपुल मोहरिया लप्सीबोट भमरकोट  लेस्पार हम्पाल जलजला तथा चित्रे पञ्चासे पर्यटकिय पदमार्गहरुमा विश्राम स्थल खानेपानी लगायतका आवश्यक संरचानाको निर्माणमा जोड दिईनेछ। मोदी

गाउँपालिका भित्रका होमस्टे तथा पदमार्गहरु विच नेटवर्किङ तथा मार्केटिङ गरिनेछ । रमणीय हिमश्रृङ्खला दृष्यावलोकन साईट सिईङ कल्चरल एडभेन्चर तथा छोटो दुरीको हाईकिङको गन्तव्यको रुपमा विकास गरिनेछ।

५९. गाउँपालिकाको मुख्य सडक तथा रणनीतिक महत्वका सडकहरुको दाँया-बाँया र डिभाइडरमा वृक्षरोपण गरी हरियाली सडकको रूपमा विकास गर्न टोल विकास संस्थाहरुलाई परिचालन गर्ने नीति लिईनेछ। राजमार्ग नजिकै रहेको प्रसिद्द पार्वती मन्दिर र वरपरको क्षेत्रलाई **धार्मिक पर्यटक विसौनी**को रुपमा विकास गर्न आवस्यक व्यबस्था मिलाइने छ।

**सभाका सदस्यहरु,**

६०. स्थानीय बजार क्षेत्रमा रहेका व्यापार तथा व्यावसायलाई अनिवार्य रुपमा सम्बन्धित वडा वा गाउँपालिकामा दर्ता गर्ने व्यवस्था कडाईका साथ लागु गरिनेछ । दर्ता भई संचालनमा रहेका व्यापार व्यावसायहरुलाई व्यावसायिक उन्नतीको लागि आवश्यक वातावरण निर्माण गरिनेछ। उद्योगी व्यावसायीहरुलाई कर शिक्षा गुणस्तर तथा नाप तौल, विल बिजक सम्बन्धी आवश्यक तालिमको व्यवस्था गरिनेछ। उद्योगी व्यावसायीहरुलाई उद्यमशिल संस्कारको विकास गर्न उत्प्रेरित गरिनेछ। मध्यपहाडी लोकमार्गको पर्यटकीय संभावना बोकेका स्थानहरुको विचमा अवस्थित मोदी गाउँपालिकाको स्थानीय बजारलाई चलायमान बनाउन आवश्यक रणनीति आवलम्वन गरिनेछ। प्रसिद्ध धार्मिक स्थल मुक्तिनाथधाम जाने मूख्य बाटोमा अवस्थित बजारलाई मध्यनजर गर्दै राजमार्ग क्षेत्रमा नयाँ होटल, रेष्टुरेण्ट तथा अन्य स्थानीय कृषि उपजको बजार तथा बिक्रि केन्द्र जस्ता व्यावसाय विस्तारमा आवश्यक सहजिकरण गरिनेछ ।

६१. कर तिर्ने संस्कार तथा संस्कृतीको विकासको लागि संघीय तथा प्रादेशिक निकायहरु सँगको सहकार्यमा प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।प्रगतिशिल कर प्रणालीको अवलम्वन गरीनेछ। सम्पत्ति करलाई आन्तरिक आयको मूल स्रोतको रुपमा विकास गरिनेछ । घर बहाल करलाई थप व्यवस्थित गरिनेछ । घरबहाल करमा बहुदर प्रणाली लागू गरिनेछ । व्यवसायिक कर तथा घर बहाल कर व्यवस्थित गर्ने सम्बन्धमा व्यावसियक छाता संगठनहरुसँग आवश्यक सहकार्य गरिनेछ । सम्पुर्ण व्यापारिक तथा व्यावसायिक क्रियाकलापलाई करको दायरामा ल्याईनेछ । घुम्ती र फिरन्ते प्रकृतीका व्यावसायीहरुलाई निरुत्साहित गर्दै वहाल कर तथा व्यावसाय कर तिर्ने व्यावसायीहरुलाई संरक्षण गरिनेछ। नियमित कर तिर्ने करदातालाई विभिन्न गैरमौद्रिक सेवा सुविधा तथा

छुटहरु प्रदान गरी प्रोत्साहित गर्ने नीति लिईनेछ। कर प्रणालीलाई प्रवीधिमा आधारित बनाई घरमै बसेर कर तिर्न सक्ने गरी व्यवस्थित गरिनेछ ।

६२. डिमुवा, पातीचौर बजार क्षेत्रलाई चलायमान बनाउन निजी क्षेत्र सँगको सहकार्यमा सुलभ दरको विद्युतिय चार्जिङ स्टेशन निर्माण गरिनेछ ।

६३. गाउँपालिकामा रहेका व्यापारिक केन्द्र र वजारहरूलाई सहकारी तथा निजी क्षेत्रसग समन्वय गरी व्यवस्थित गरिनेछ। बजार क्षेत्रका होटल तथा रेष्टुरेण्टहरुलाई पर्यटकमैत्री, स्वच्छ, सफा राख्न आवश्यक तालिम तथा सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ। होटल तथा रेष्टुरेण्टहरुमा गाउँपालिकाको स्थानीय उत्पादनको प्रयोग गर्न प्रोत्साहित गरिनेछ।

६४. गाउँपालिकाको भू-धरातल, जलवायू र जैविक विविधताको अधिकतम उपयोग गरी सार्वजनिक वन क्षेत्र, सडक किनारा, नदी उकास र उपभोगहिन सार्वजनिक सरकारी जमिनमा फलफूल र अन्य उपयोगी विरुवा रोप्ने र संरक्षण गर्ने अभियान संचालन गरिनेछ। मध्यपहाडी लोकमार्गको दायाँबायाँ फलफूलका विरुवा तथा अन्य भू-क्षय रोक्ने प्रजातीका विरुवाहरु रोप्ने कार्यमा जोड दिईनेछ।

६५. गाउँपालिका भित्रका खानी क्षेत्रहरुको संभाव्यता अध्ययन गरी प्रचलित कानुन बमोजिम खानीजन्य उद्योग दर्ता गर्न आवश्यक व्यवस्था गरिनेछ। स्थानीय खानीजन्य पदार्थको ब्रान्डिङ तथा मार्केटिङ गरिनेछ। वन पैदावारमा आधारित उद्यमलाई प्राथमिकता दिईनेछ।

६६. मोदी गाउँपालिका भित्रका जंगल, सामुदायिक वनहरुको वैज्ञानिक व्यवस्थापन गरिनेछ। सामुदायिक वन उपभोक्ता समितिहरुलाई दिगो र वैज्ञानिक वन व्यवस्थापनको लागी उत्प्रेरित गरिनेछ। **एक सामुदायिक वनः एक पोखरी** कार्यक्रमलाई अनिवार्य रुपमा लागु गरिनेछ। वनस्रोतको दिगो र वैज्ञानिक व्यवस्थापन गर्दै वनमा आधारित उद्योग व्यावसाय तथा लघु उद्यमलाई प्रोत्साहित गरिनेछ। सामुदायिक वन उपभोक्ता समितिहरुको सशक्तिकरणका लागि तालिम कार्यक्रमहरु संचालन गरिनेछ। सामुदायिक वनहरुमा फलफूलका विरुवा रोप्ने कार्यको थालनी गरिनेछ। घर बस्ती तथा खेतीयोग्य जमिन वरिपरि निश्चित दुरी भित्रका नीजि जग्गामा रहेका रुख विरुवाहरु कटान गर्ने व्यवस्था मिलाईनेछ। वन्यजन्तु मानव द्धन्दलाई न्यूनीकरण गर्न संघीय तथा प्रादेशिक कार्यालयहरुसँग आवश्यक समन्वय गरिनेछ।

६७. सामुदायिक वन उपभोक्ता समितिहरुलाई प्रचलित कानुनी व्यवस्था बमोजिम लेखापरिक्षण गर्न नियमित रुपमा प्रतिवेदन गर्न लगाईनेछ। प्रचलित ऐन नियमावली

बमोजिम तोकिएको कार्य नगर्ने समितिहरुलाई प्रचलित कानुनी व्यवस्था बमोजिम कारवाहीको दायरामा ल्याईनेछ।

६८. दिगो वन व्यवस्थापन, जैविक विविधिता संरक्षण, वातावरण र जलाधार क्षेत्रको व्यवस्थापनलाई उत्पादन र उत्पादकत्व सँग जोड्न वनसँग सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरिनेछ। नीजि वनमा रहेको रुखको कटान ओसारपोसार तथा बिक्रि वितरण प्रक्रियामा आवश्यक सहजीकरण गरिनेछ। घरबस्ती तथा कृषीयोग्य जमिनमा रहेका रुखहरुलाई आवश्यकता अनुसार प्रचलित कानुनी व्यवस्था बमोजिमको प्रक्रिया पुरा गरी कटान गरिनेछ।

६९. वन तथा जैविक विविधता संरक्षणको लागि स्थानीय ज्ञान, सिप र अभ्यासको प्रवर्द्धन गरिनेछ। वनको दिगो व्यवस्थापन र न्यून कार्वन उत्सर्जनजन्य क्रियाकलापको प्रवर्द्धन गरी हरित अर्थतन्त्रलाई प्रोत्साहन गरिनेछ। वन स्रोत र उद्यमशिलता विकास विचको परम्परागत अन्तरसम्बन्धलाई प्रवर्द्धन गरिनेछ।

७०. नेपाल सरकार र गण्डकी प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा गाँउपालिकामा हरित आय आर्जनलाई प्रथामिकता दिदै रोजगार केन्द्रित प्राकृतिक संसाधनमा आधारित लघु उद्यम, कुटिर र साना उद्योग स्थापना र विकासको निम्ति आवश्यक वातावरण निर्माण गरिनेछ ।

**सभाका सदस्यहरु,**

७१. शिक्षक कर्मचारीहरुको क्षमता विकासको लागी आवश्यक विषयगत तालिमहरुको व्यवस्था गरिनेछ । बालशिक्षा शिक्षिकाहरुलाई मन्टेश्वरी तालिम प्रदान गरि दक्ष बनाईनेछ। संघ तथा प्रदेश सरकारबाट प्राप्त तालिम लगायतका अन्य अवसरहरुको समन्यायिक वितरण गरिनेछ । गाउँपालिकाले समुदायस्तरमा संचालन गर्ने अध्ययन अनुसन्धानमुलक एवं सुचना संकलनमुलक कार्यमा शिक्षक शिक्षिकाहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।

७२. विद्यालयको संस्थागत क्षमता विकास तथा शैक्षिक शुशासन प्रवर्द्धन गर्नका लागि प्रधानाध्यापकहरुलाई विद्यालय व्यवस्थापन तथा नेतृत्व विकास सम्बन्धी तालिमको व्यवस्था गरिनेछ । प्रधानाध्यापकहरुलाई साविकमा पाईरहेको भत्ताको अतिरिक्त थप भत्ताको व्यवस्था गरिनेछ ।

७३. सिकाई गतिविधिको प्रत्यक्ष जानकारी र अनुभव आदान-प्रदानका लागि **विद्यार्थीसँग गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत** प्रत्यक्ष अन्तरसंवाद कार्यक्रम

संचालन गरिनेछ । विद्यार्थीहरुलाई प्रशासन र व्यवस्थापन तथा स्थानीय शासन प्रणालीको विषयमा आवश्यक ज्ञान, सीप, प्रदान गर्न गाउँकार्यपालिका गाउँसभा एवं विषयगत समितिहरुको बैठकमा सरिक गराईनेछ। विद्यार्थीका वास्तविक समस्या प्रत्यक्ष रुपमा विद्यार्थी सँग नै छलफल गरिनेछ। विद्यार्थिको क्षमता विकासका लागि स्काउट रेडक्रस सर्कल जस्ता नेतृत्व विकासमा सहयोग गर्ने संस्था सँग आवद्ध गर्ने व्यवस्था गरिनेछ।

७४. सार्वजनिक शिक्षालाइ पहुँचबाट गुणस्तर तर्फ लैजाने नीति अनुरुप विद्यालयहरुलाई आवश्यक सहयोग तथा प्रस्तावनामा आधारित अनुदानको व्यवस्था मिलाइने छ। संघ सरकारको समन्वयमा सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न **शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि** योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

७५. विद्यार्थी संख्या तथा भौगोलिक विषमतालाई मध्यनजर गर्दै विद्यालय, तह वा कक्षा मर्जको नीतिलाइ आगामी आर्थिक वर्ष २०८२।०८३ मा पनि निरन्तरता दिइने छ। विद्यालय शिक्षामा नियमित अनुगमन तथा प्रोत्साहनको उचित व्यवस्था मिलाइने छ। सामुदायिक सुरक्षा तथा अपराध न्यूनीकरणको लागि विद्यार्थीहरुमा ज्ञान, सिप, दक्षता अभिबृद्धि गर्न जिल्ला प्रहरी कार्यालय, पर्वतसँगको सहकार्यमा **प्रहरी-विद्यालय-समुदाय** कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७६. दरबन्दी अभाव रहेका र भौगोलिक कठिनाइमा रहेका विद्यालय सेवा क्षेत्रहरुलाइ लक्षित गरि स्वयम सेवक शिक्षक बैंकको राष्ट्रिय नीतिलाइ लागू गर्ने व्यबस्था मिलाईनेछ। संस्थागत विद्यालयहरुको नियमन तथा शैक्षिक गुणस्तर अनुगमन गर्न आवस्यक व्यबस्था मिलाइने छ । आधारभूत शिक्षा परीक्षा गाउँपालिका स्तरीय रुपमा संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । कक्षा ५ मा सिकाइ उपलब्धि मापन परीक्षाको रुपमा संचालन गरिनेछ। परीक्षालाई वस्तुगत र विद्यालय एवं शिक्षकको कार्यसम्पादनको आधार बनाई प्रोत्साहनको नीति लिईनेछ। एसईई र आधारभूत तहको परीक्षा तयारी कक्षाहरु संचालन गर्न विद्यालयहरुलाई आवश्यक सहयोग गरिनेछ।

७७. लक्षित बर्गका वालबालिकालाई मध्यनजर गरि माध्यमिक विद्यालयमा दिवा तथा पूर्ण आवसीय कार्यक्रमलाइ थप विस्तार गरिने छ। मोदी गाँउपालिकाको स्थानीय पाठ्यक्रमलाई मोदीको विशिष्ट पहिचान तथा संभावनाहरुको संग्रहको रुपमा समयानूकुल परिमार्जन तथा थप कक्षाहरुमा क्रमश लागु गर्दै लगिनेछ। **सिक्दै कमाउदैः पढ्दै रमाउदै** कार्यक्रमलाइ थप विद्यालयहरुमा विस्तार गरिने छ। नेपाल सरकारद्वारा सञ्चालित दिवा खाजा कार्यक्रमलाइ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएका वडाका विद्यालयहरुका सबै कक्षाहरुमा विस्तार गरिनेछ।

७८. विद्यालयहरुमा दिवाखाजाको रुपमा तयारी र पत्रुखाजा (जंकफुड) लाई पूर्ण रुपमा प्रतिबन्ध लगाईनेछ। विद्यालय वरपर पत्रुखाजा तथा प्लाष्टिक निषेधित क्षेत्र घोषणा गर्न आवस्यक व्यबस्था गरिने छ। हरेक विद्यालयमा खेलमैदान र बालउद्यान निर्माण गर्ने नीति लिईनेछ। विद्यालयहरु सँगको सहकार्यमा हरित विद्यालय परिसर सौन्दर्यकरण कार्यक्रम लागू गरिनेछ ।

७९. विद्यालयको संस्थागत क्षमता सवलिकरण तथा सुसाशन व्यबस्थापनलाई आवस्यक प्रोत्साहन गरिनेछ। शिक्षक कर्मचारीहरुको तलबभत्ता मासिक रुपमा सम्बन्धित शिक्षकहरुको बैंक खातामा सिधै ट्रान्सफर हुने आवस्यक व्यवस्था मिलाईनेछ।

८०. मोदी गाँउपालिकाको एक मात्र उच्च शिक्षा प्रदायक संस्था नवजागृत क्याम्पसको शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक व्यवस्था गरिनेछ। उच्च शिक्षा स्थानीय तहमा नै अध्ययन गर्न आवश्यक वातावरणको निर्माणका साथै नियमित रुपमा क्याम्पसमा कक्षा लिने विद्यार्थीहरुलाई प्रदान गरिदै आएको छात्रबृतीको व्यवस्थालाई निरन्तरता दिईनेछ। गाउँपालिकाले संचालन गर्ने विभिन्न अध्ययन अनुसन्धानमूलक कार्यमा क्याम्पसमा अध्यनरत विद्यार्थीहरुलाई प्राथमिकता दिईनेछ।

८१. गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप मार्फत विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि हरेक शुक्रबार बुक फ्रि फ्राईडेको रुपमा अतिरिक्त क्रियाकलाप तथा जीवनोपयोगी ज्ञान सिप विकासका कार्यक्रम संचालन गर्ने कार्यलाई प्रारम्भिक रुपमा अगाडि वढाइनेछ। मोदी गाउँपालिका भित्रका माध्यमिक विद्यालयको कक्षा ११ र १२ लाई आवासीय मोडलमा एकिकृत गरी **सेन्टर अफ एक्सिलेन्स**को रुपमा विकास गर्न प्राथमिकता दिइनेछ।

८२. संगठनमा निरन्तर अध्ययन र सिकाई ज्ञान सिप आदान प्रदानको संस्कार निर्माण तथा पठन संस्कृतीको प्रवर्द्धन गर्न **एक कार्यालयः एक पुस्तकालय**को अवधारणा क्रमश लागु गर्दै लगिनेछ। विद्यार्थीहरुलाई डिजिटल दुर्व्यसनीबाट बचाउन र रचनात्मक तथा सृजनात्मक बनाउन माध्यमिक तथा आधारभुत विद्यालयहरुमा रहेका पुस्तकालयहरुलाई स्तरोन्नती गर्दै पुस्तकालय कक्षा अनिवार्य गरिनेछ। विद्यार्थीहरुलाई सामुदायिक तथा सार्वजनिक गतिबिधिहरुमा सरिक गराई सामाजिकिकरण गर्ने नीति लिईनेछ ।

**सभाका सदस्यहरु,**

८३. बालबालिकाहरुको शारीरिक तथा मानसिक विकास तथा बाल अधिकारको संरक्षणमा सहयोग पुग्ने कार्यक्रमहरु संचालन गरिनेछन। हरेक संस्थागत, प्रक्रियागत, संरचनागत पक्षहरुलाई क्रमश बालमैत्री बनाईनेछ। बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महसन्धि तथा

बालबालिका सम्बन्धी अन्य प्रचलित ऐन कानुनमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ।आर्थिक वर्ष २०८२।०८३ सम्म मोदी गाउँपालिकालाई बालमैत्री शासनयुक्त स्थानीय तह घोषणा गरिनेछ। गाउँपालिकामा बाल हेल्पलाईनको लागि आवश्यक व्यवस्था गरिनेछ। विद्यालयहरुमा बाल अधिकारको वकालत तथा मनोपरामर्श सेवा र विद्यालयसँग स्वास्थ्य कर्मी/नर्स कार्यक्रमलाई समन्वयात्मक रुपमा संचालन गरिनेछ।

८४. युवाहरुको क्षमता विकास गरी स्वरोजगार बनाउन तथा नेतृत्व विकासका लागि **युवासंग उपाध्यक्ष** कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता दिइने छ। **स्वस्थ जीवनका लागि खेलकुद** भन्ने मूल मन्त्रलाई संस्थागत गर्दै लगिनेछ। युवाहरुको शारीरिक र मानसिक विकासका लागी खेलकुद गतिबिधिहरुमा जोड दिईनेछ। नेपाल सरकार गण्डकी प्रदेश सरकार तथा जिल्ला खेलकुद विकास समितिसँग समन्वय एवं सहकार्य गरी **स्पोर्टस स्कुलिङ्** कार्यक्रम शुरु गरिनेछ। विद्यालय तहमा खेलकुद तालिम प्रशिक्षक र खेलाडी प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ। नव जागृत क्याम्पसमा रहेको खेलमैदानलाई पालिकास्तरिय खेल मैदानको रुपमा विकास गर्न नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार सँग लागत साझेदारीको लागी आवश्यक पहल गरिनेछ। खेलकुद कार्यक्रमलाई निजी क्षेत्रका संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम सँग जोडिनेछ। विभिन्न खेलकुद प्रतियोगितामा उत्कृष्ट नतिजा प्राप्त गर्ने खेलाडी तथा विद्यार्थीहरुलाई प्रोत्साहनको आवस्यक व्यवस्था गरिनेछ।

८५. ईतिहासका विरासतका रुपमा रहेका कोट, मठ, मन्दिर, पाटी, पौवा, सत्तल, चौतारी, गुम्बाहरु, मुल बाटोहरु पैदल मार्गहरु जस्ता सामाजिक सांस्कृतिक सम्पदाहरुको मर्मत सम्भार तथा संरक्षणमा जोड दिईनेछ। पुराना बर, पिपल, चौतारीहरुको संरक्षण तथा नयाँ बर, पिपल, समी जस्ता वहुवर्षीय तथा शितल र वन्यजन्तुलाई फल दिने रुखहरुको संरक्षण र बृक्षारोपण कार्यक्रम संचालन गरिनेछ।

८६. प्राकृतिक विपद प्रभावित तथा अधुरा खानेपानी आयोजनाहरुको निर्माण मर्मत र संचालनका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय एवं सहकार्य गरिनेछ। गाउँघरमा रहेका परम्परागत पोखरीहरु कुवा ईनारहरुको संरक्षण गरी भूमिगत पानीका स्रोतको पुर्नभरणलाई प्राथमिकता दिईनेछ।

८७. संघीय तथा प्रदेश सरकारका निकाय तथा कार्यालयहरु, छिमेकी स्थानीय सरकार एवम् उपभोक्ता समितिहरुसँग लागत साझेदारी एवं सहलगानीमा खानेपानी सरसफाई र फोहोरमैला व्यवस्थापनका आयोजना एकिकृत रुपमा कार्यान्वयन गरिनेछ ।

८८. विद्यार्थीहरुको संख्या शून्य भएका विद्यालयहरुका भवनहरुको नियमित मर्मत सम्भार गरी अन्य सामुदायिक प्रयोजनमा प्रयोग गरिनेछ। निर्माण सम्पन्न हुन नसकेका झोलुङ्गे पुलहरुको निर्माण कार्यलाई प्राथमिकता दिईनेछ।

८९. स्थानीय यातायात गुरुयोजना निर्माण गरी स्थानीय तहको एकल अधिकार अन्तर्गतका यातायात अनुमती लगायतका विषयमा आवश्यक कानुन निर्माण गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ।

९०. मनसुनजन्य विपद, भूकम्प लगायतका अन्य प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त निजी आवास सार्वजनिक भौतिक संरचनाहरुको प्रवलीकरण पुर्ननिर्माण र पुर्नस्थापनाको कार्यलाई सम्बन्धित निकाय सँगको समन्वय र सहकार्यमा द्रुत रुपमा अगाडी बढाईनेछ।

९१. विपद व्यवास्थापन तथा विपद प्रतिकार्यको लाग समुदायस्तरमा कम्युनिटी डिजाष्टर रेष्पोन्स भोलुन्टियर टिम गठन गरी परिचालन गरिनेछ। विपद व्यवस्थापनमा समुदायिक संघ संस्था स्थानीय युवा क्लवहरु, टोल विकास समितिहरु, आमा समूह लगायतका समुदायस्तरका सरोकारवाला पक्षहरु सँग आवश्यक समन्वय सहकार्य एवं हातेमालो गरिनेछ। विपद व्यवस्थापनमा जलवायु अनुकूलन तथा जलवायु उत्थानशिल क्रियाकलापमा जोड दिईनेछ।

९२. विकास योजना तथा आयोजनाहरुको नतिजामुलक अनुगमन गरिनेछ। संघीय तथा प्रदेश सरकारबाट संचालित योजना तथा आयोजनाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक सहजीकरण गरिनेछ। त्यस्ता आयोजनाहरुको हकमा समेत नियमित रुपमा अनुगमन र पृष्ठपोषण गरिनेछ। विकास आयोजना संचालनको क्रममा कुनै पनि निर्माण कार्यमा बालबालिकालाई श्रमिकको रुपमा प्रयोग गर्न पूर्ण रुपमा प्रतिवन्ध लगाईनेछ। विकास पूर्वाधारहरुलाई बालमैत्री तथा अपांगमैत्री बनाईनेछ।

९३. गरिव, वेसाहारा र आर्थिक सामाजिक रुपले विपन्न नागरिक र तिनका परिवार तथा एकल पुरुष तथा महिलालाई सुरक्षित आवास बनाउन आवस्यक व्यबस्था मिलाईने छ ।

९४. वडा स्तरबाट माग हुने योजना तथा कार्यक्रमहरुलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिका स्तरिय योजना बैंकको अवधारणा लागु गरिनेछ। योजना तथा कार्यक्रमहरु छनौट तथा प्राथमिकिकरण गर्दा अनिवार्य रुपमा योजना बैंकमा राखिएका योजना तथा कार्यक्रमहरुलाई पहिलो प्राथमिकता दिनुपर्ने व्यवस्था गरिनेछ। वडा स्तरमा योजना छनौट गर्दा स्थानीय आवश्यकता र स्थानीय सीप, प्रवीधि र पूँजीलाई प्राथमिकता दिने व्यवस्था मिलाइने छ।

९५. मोदी गाउँपालिका क्षेत्रभित्र क्रियाशिल विभिन्न संघ संस्था, बैंक, वित्तीय संस्था, जलविद्युत आयोजनाहरु तथा नागरिक समाज सँगको सहकार्यमा एउटा व्यवस्थित मृत्यु संस्कार तथा शवदाह स्थलको निर्माण गरिनेछ।

९६. स्थानीय युवा क्लव सामुदायिक संघ संस्था आमा समूह टोलसुधार समितिहरुलाई थप सक्रिय बनाई सामाजिक एवं विकास निर्माणका कार्यहरुमा परिचालन गरिनेछ। टोल सुधार समितिहरुलाई गाउँटोल बस्तिस्तरका विकास निर्माण कार्यहरुको वाचडगको रुपमा विकास गरिनेछ। उपभोक्ता समिति गठन गर्दा टोल सुधार समिति भित्रबाट मात्र गठन हुनेगरी कानुनी प्रवन्ध गरिनेछ। स्थानीय आमा समूहहरुलाई उद्यमशिलता एवं सीप विकास तालिम प्रदान गरी आयआर्जन तथा उत्पादन प्रणालीमा आवद्ध गरिनेछ ।

**सभाका सदस्यहरु,**

९७. महिलाको सर्वाङगीण विकास, उत्थान र सवलीकरण तथा मूलप्रवाहीकरणमा विशेष जोड दिईनेछ । महिलाहरुलाई आय आर्जन र आत्मनिर्भर बनाउने आयमुलक कार्यक्रमहरु संचालन गरिनेछ।लैंगिक हिंसा विरुद्धका विभिन्न अभियानहरु प्रभावकारी रुपमा संचालन गरिनेछ । महिला तथा छोरीहरुलाई पूर्ण रुपमा सुरक्षित र शोषणरहित समाजको निर्माण गरी महिलामैत्री गाउँपालिकाको रुपमा सुनिश्चितता प्रदान गरिनेछ। सार्वजनिक स्थल तथा संरचनाहरुलाइ क्रमशः महिला मैत्री बनाउदै लगिनेछ। कार्यस्थलमा हुने लैङ्गिक हिसांविरुद्ध आचारसंहिता निर्माण गरी कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ। महिलाविरुद्ध भेदभाव अन्त्य सम्बन्धी बेईजिङ घोषणापत्र, बाल अधिकार र अपांगता अधिकार सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय सन्धी, अभिसन्धीहरुको कार्यान्वयनमा जोड दिईनेछ।

९८. ज्येष्ठ नागरिकहरुको संविधान प्रदत्त हक अधिकारको संरक्षण तथा आवश्यक स्याहारको लागि गाउँमा खालि भएका घरहरुको प्रयोग गरी ज्येष्ठ नागरिक मिलन ग्राम स्थापना गरिनेछ। बेसाहारा र परिवारका कुनै पनि सदस्य नभएका ज्येष्ठ नागरिकहरुलाई स्याहार र मनोरन्जन प्रदान गर्ने तथा उनीहरु सँग भएका ज्ञान, सीप र उद्यमको प्रवर्द्धन गरिनेछ। ज्येष्ठ नागरिक ग्राम सँग कृषि ,लघु एवं घरेलु उद्यमलाई समेत अन्तरआवद्ध गरिनेछ। ज्येष्ठ नागरिकहरुको ज्ञान र अनुभवको उपयोग र पुस्तान्तरणमा जोड दिईनेछ ।सार्वजनिक सेवा प्रवाहलाई ज्येष्ठ नागरिकमैत्री बनाईनेछ। ज्येष्ठ नागरिकहरुको लागी नियमित स्वास्थ्य परिक्षण र आवश्यक औषधी उपलब्ध गराउने व्यवस्था मिलाईनेछ। सामाजिक सुरक्षा तथा संरक्षणका लागि बालबालिका पुनर्स्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र तथा अशक्त स्याहार केन्द्रको समन्वयात्मक पहुच तथा सञ्चालनमा आवस्यक पहल गरिने छ।

९९. आर्थिक र सामाजिक रुपमा विपन्न महिलाहरुको आर्थिक सशक्तीकरणका लागी वित्तीय पहुँच अभिबृद्धि र उद्यमशिलता विकासमा जोड दिईनेछ। गर्भवती र सुत्केरी महिलाहरुका लागी निःशुल्क एम्बुलेन्स सेवा तथा प्रचलित कानून बमोजिमको प्रसुती भत्तालाई निरन्तरता दिईनेछ ।

१००. महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा वा विभेद अन्त्य गरी गाँउपालिकालाई बालविवाह, बालश्रम, बहुविबाह, दाइजो प्रथा, जातीय विभेद लगायतका कुप्रथाहरुलाई निरुत्साहित गर्न टोल विकास संस्था मार्फत प्रभावकारी रुपमा सामाजिक परिचालनका कार्यक्रमहरु सञ्चालन गरिनेछ । हिंसा वा विभेदका चपेटामा परेका महिला र बालवालिकाहरुलाइ उद्दार राहात निशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श तथा पुनर्स्थापनाका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१०१. बेसाहारा र कुनै पनि पारिवारिक सदस्य नभएका व्यक्तिहरुको मृत्यु संस्कारको लागी आवश्यक बजेट विनियोजन गरिनेछ। एकल/अविवाहित ५० बर्ष माथिका नागरिकहरुलाई न्युनतम सामाजिक सुरक्षा भत्ताको व्यबस्था तथा निशुल्क स्वास्थ्य विमाको लागि आवस्यक व्यबस्था मिलाइने छ।

१०२. अपांगता भएका र फरक क्षमता भएका नागरिकहरुले प्राप्त गर्ने सेवासुविधालाई सहज सरल र पहुँचयोग्य बनाईने छ।प्रचलित कानुन बमोजिम प्राप्त गर्ने सेवा सुविधाबाट वञ्चितिमा परेका अपांगता भएका व्यक्तिहरुको लगत एवं सुचना संकलन गरी राज्य प्रदत्त सेवा सुविधामा आवद्ध गरिनेछ। सार्वजनिक पूर्वाधार र सेवाहरुलाई अपांगमैत्री बनाईनेछ।अपांगता भएका व्यक्तिहरुको नियमित स्वास्थ्य परीक्षण तथा स्वास्थ्य विमामा आवद्दताको सुनिश्चितता गरिनेछ ।

१०३. वातावरण प्रदुषणलाई न्यूनीकरण गर्न प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गरिनेछ। नेपाल सरकारले ४० माईक्रोनभन्दा कम मोटाई भएको प्लाष्टिकको प्रयोगमा लगाएको रोकलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।गाउँपालिका केन्द्र र प्रमुख बजार क्षेत्रहरुमा हरियाली प्रवर्द्धन र फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ।गाउँपालिकाको फोहोरमैला व्यवस्थापनको लागि आवश्यक प्रबन्ध गरी फोहोरमैलाको दिगो व्यवस्थापनको लागी अन्य विशिष्टिकृत निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

१०४. गैर सरकारी संस्थाहरुलाई गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गरिनेछ। गैर सरकारी संस्थाहरु सँग साझेदारीमा कार्यक्रम संचालन गर्दा कम्तिमा ५० प्रतिशत लागत साझेदारी हुनेगरी एमओयु गरी कार्यक्रम संचालन गर्ने र प्राप्त आर्थिक

सहयोगलाई अनिवार्य रुपमा बजेटमा समावेश गरी बजेटरी प्रणालीबाट खर्च गर्ने व्यवस्था मिलाईनेछ ।

१०५. विभिन्न राजनीतिक आन्दोलन र घटनाका समयमा सहादत प्राप्त गरेका, वेपत्ता नागरिक, सामाजिक तथा भौतिक रुपमा क्षति व्यहोर्नु परेका वास्तविक पिडित परिवारहरुको तथ्याङ्क अध्यावधिक गरी न्युनतम जीवनयापनमा कठिनाइ भएका नागरिकहरुलाई आवस्यक सहयोगको व्यबस्था मिलाइनेछ ।

१०६. बजार क्षेत्रमा सुरक्षा व्यवस्थालाई सबल बनाउन नेपाल प्रहरीसँगको सहकार्यमा मूख्य शहरी क्षेत्र तथा सुरक्षा संवेदनशिल स्थानहरुमा सिसी क्यामारा जडान गरिनेछ ।

१०७. ठूला र जनसंख्या उच्च रहेका वडाहरुमा संघीय तथा प्रादेशिक निकायहरु एवं अन्य संघ संस्थाहरु सँगको सहलगानीमा वृहत खानेपानी आयोजनाहरुको निर्माणमा जोड दिईनेछ।

१०८. आधारभूत खानेपानी तथा सरसफाईको पहुँच अभिबृद्धि गर्न संघीय, प्रदेश सरकार तथा गैह्र सरकारी सघंसस्थाहरु सँगको सहकार्यमा **एक घर एक धारा** कार्यक्रमलाइ प्रभावकारी रुपमा निरन्तरता दिईनेछ। खानेपानीका स्रोतहरुको संरक्षण गरी प्रयोगमा आएका खानेपानीका स्रोतहरुमा सामयिक रुपमा पानी परीक्षणको आवस्यक व्यबस्था मिलाइनेछ । पारिवारिक सरसफाइ अन्तर्गत व्यबस्थित जुठेल्नो निर्माणका लागि लक्षित समुदायमा जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ। मोदी गाँउपालिकाको खानेपानि, सरसफाइ तथा स्वच्छता सम्बन्धी कानुन एवम् वास कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नेगरी निरन्तरता दिइनेछ। गोर्खा वेलफेयर ट्रष्ट नेपालको सहयोग र साझेदारीमा मोदी-५, फलाल्नेमा निर्माणाधिन खानेपानी आयोजना सम्पन्न गरिनेछ।

**सभाका सदस्यहरु,**

१०९. गाँउपालिकाका सबै वडाका केन्द्र सम्म पक्की सडक पुर्याउने नीति अनुरुप नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारसंग समपुरक अनुदान अन्तर्गत माग गरिएका योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ। विकास योजनाहरुमा निर्माणको गुणस्तर सम्बन्धमा प्राविधिकहरुलाई निरन्तर रुपमा निगरानी गर्न लगाईनेछ।

११०. रुग्ण आयोजनाहरुलाई यथाशीघ्र सम्पन्न गर्न आवश्यक पहल तथा प्रयत्न गरिनेछ। मोदी गाउँपालिकाको रणनितिक महत्वका आयोजनाहरु पातिचौर-बाजुङ्-क्याङ्-लेस्पार, दराक-चित्रे-राम्जा-गोतामेथर-गगंटे, भुक-झिल्लिबराङ, गाडतारा-गिज्यान-तिलाहार-थामर्जुङ-जायगाउँ, मख-देउपुर-पुर्णगाउँ-लाङ्दी-घूरुङ्गा तथा

पातिचौर-टिमुरे-क्याङ लगायत निर्माणाधिन मूख्य सडकहरुको निर्माण तथा स्तरोन्नतीको काम सम्पन्न गर्न आवश्यक समन्वय, सहजीकरण तथा सहयोग गरिनेछ।

१११. लगानी बोर्डबाट स्वीकृत भई निर्माण कार्यको शुरुवात हुने चरणमा रहेको नेपालको पर्यटन क्षेत्रको सबैभन्दा महत्वपुर्ण परियोजनाको रुपमा रहेको बिरेठाँटी मुक्तिनाथ केबुलकारको निर्माण कार्यमा आवश्यक सबै सहयोग, समन्वय एवं सहजीकरण गरिनेछ। छिमेकी स्थानीय तहहरुसंगको लागत साझेदारीमा पूर्वाधार क्षेत्रका लागि आवस्यक गुणस्तर परीक्षण ल्याव स्थापनाको व्यवस्था मिलाइनेछ।

११२. मोदीखोलाको जैविक विविधता धार्मिक एवं सांस्कृतिक महत्व तथा मोदीको असला माछाको विशिष्ट पहिचानको संरक्षणको लागि मोदी करिडरमा रहेका जलविद्युत आयोजनाहरुलाई जलस्रोत सम्बन्धी प्रचलित ऐन, कानुन बमोजिमको परिमाणमा पानी छाड्नुपर्ने व्यवस्थाको अक्षरसः पालना गराउन स्थानिय राजनितिक दलहरु, आम नागरिक, नदी बचाउ अभियन्ताहरु, नागरिक समाज, जलस्रोत तथा उर्जासँग सम्बन्धित संघ तथा प्रादेशि सरकारसंग आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ।

११३. स्थानीय बासिन्दाको सक्रिय सार्थक र अर्थपुर्ण सहभागिता सहित स्थानीय स्रोत साधन पूँजी र प्रवीधिमा आधारित गुणस्तरीय, पर्यावरणमैत्री र जलवायु उत्थानशिल पूर्वाधार निर्माणमा जोड दिईनेछ। सडकहरुको वर्गीकरण, सडकको अधिकार क्षेत्र कायम तथा सडक मापदण्ड सम्वन्धि आवस्यक नीतिगत व्यवस्था गरिनेछ। गाउँपालिका भित्रका मुख्य सडकहरुको राईट अफ वे कायम गर्न लगतकट्टा गर्ने कार्यलाई निरन्तरता दिईनेछ। रतिखोला तथा पातीखोलाको वहाव क्षेत्रमा परेका व्यक्तिहरुको नीजि जग्गाको लगतकट्टाको लागि आवश्यक प्राविधिक अध्ययन गरिनेछ।

११४. भवन निर्माण आचारसंहिता तथा पुराना र साविकमा निर्माण सम्पन्न भएका भवनहरुको अभिलेखीकरण कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ। नक्सापास नगरी कुनै पनि भवन निर्माण गर्न नपाईने कानुनी व्यवस्थाको कडाईका साथ कार्यान्वयन गरिनेछ।नक्सापास तथा भवन अभिलेखीकरणलाई वडाबाट प्रवाह हुने सेवा प्रवाहको मूख्य र पूर्वशर्तको रुपमा मापन गरी बाध्यकारी रुपमा कार्यान्वयन गरिनेछ। सडक तथा अन्य सार्वजनिक संरचनाको मापदण्ड मिचेर भौतिक संरचना बनाउने कार्यलाइ कानुनको दायरामा ल्याई निरुत्साहित गरिनेछ।

११५. गाँउपालिकाको प्रशासकीय भवनसँगै सुविधासम्पन्न सभाहल र चमेना गृह निर्माण तथा व्यबस्थापन गरिनेछ। निर्माणाधिन वडा कार्यालयहरुको निर्माण कार्य सम्पन्न गरी

वडा कार्यालयहरुको प्रभावकारी व्यवस्थापन गरिनेछ। निर्माण सम्पन्न भएका सभाहलहरु लगायतका संरचनाहरुको नियमित मर्मत सम्भार गरिनेछ।

११६. विपद ब्यबस्थापनका लागि आवश्यक पर्ने राहत उद्दार तथा आपतकालीन सामग्रीको पर्याप्त ब्यबस्था गर्न संघ, प्रदेश सरकार लगायत बिभिन्न सरकारी गैरसरकारी संघ संस्था तथा निकायहरु संग सहकार्य तथा समन्वय गरिनेछ।

११७. विपद पूर्वतयारी, विपदको वेला खोज, उद्धार, राहत विपद पश्चातको पुर्ननिर्माण तथा पुनर्स्थापनाको कार्यलाई प्रभावकारी बनाईनेछ। गाउँपालिकामा आइपर्ने विपदजन्य घटनाको सामना गर्न कोषको परिचालन गरिनेछ। वडास्तरमा विपदजन्य घटनाको तिव्र प्रतिकार्यको व्यवस्था गरिनेछ। विपद सम्बन्धी सुचना सम्प्रेषणको लागी आवश्यक सूचना सम्प्रेषण संयन्त्रको निर्माण गरिनेछ। विपद व्यवस्थापनलाई थप मजबुत बनाउन जनप्रतिनिधि तथा कर्मचारीको पारिश्रमिकबाट कट्टी गरिएको रकमको अतिरिक्त सहयोग गर्न ईच्छुक नागरिक, गैर आवासीय नेपाली र निजी क्षेत्रलाई अनुरोध गरिनेछ। विषद कोषबाट हुने खर्चलाई पारदर्शी मितव्ययी र आवश्यकतामा आधारित बनाईनेछ। विपद व्यवस्थापन कोष संचालन कार्यविधि निर्माण गरी विपद कोष परिचालनलाई थप प्रभावकारी र विपद संवेदनशिल बनाईनेछ। मनसुनजन्य विपद भुकम्प लगायतका अन्य प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त निजी आवास सार्वजनिक भौतिक संरचनाहरुको प्रवलीकरण पुर्ननिर्माण र पुर्नस्थापनाको कार्यलाई सम्बन्धित निकाय सँगको समन्वय र सहकार्यमा द्रुत रुपमा अगाडी बढाईनेछ।

११८. विपद रोकथाम तथा विपदबाट हुने क्षतिको न्यूनिकरणको लागि विपद पूर्व सूचना प्रणालीको विकास तथा सुरक्षा निकाय सँग समन्वय गरी स्वयंसेवक समुह हरुलाई आवश्यक तालिम प्रदान गरिनेछ। नदीजन्य पदार्थ उत्खनन गरिने खोला बगरहरुको वातावरणिय परिक्षणलाई पुनरावलोकन गरिनेछ। नदी कटान नियन्त्रणको लागी तटबन्ध निर्माण गरिनेछ।

११९. मोदी गाउँपालिका वडा नं २ देउपुरको सुनचाप पहिरो नियन्त्रणको लागी संघीय तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गरिनेछ। पहिरोको दिर्घकालिन रोकथामको लागि बायोईन्जिनियरिङ लगायतका बैज्ञानिक विधिको अवलम्वन गरिनेछ। विपदका दृष्टिले जोखिमयुक्त क्षेत्रको पहिचान गरी वैज्ञानिक नक्शांकन गरिनेछ। सुरक्षित स्थानहरुको पहिचान गरी विपद व्यवस्थापनको लागी आवश्यक प्रवन्ध गरिनेछ। विपदको समयमा हेलिकप्टरवाट उद्दार गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै गाउँपालिकाको उपयुक्त स्थानमा हेलीप्याड निर्माणको लागि नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ।

१२०. प्राकृतिक स्रोत, साधनको  दिगो र पर्यावरणमैत्री उपयोग र व्यवस्थापनको लागि आवश्यक कानून तथा कार्यविधि निर्माण गरी प्राकृतिक स्रोत साधनको अनियन्त्रित र अवैध दोहनलाई नियन्त्रण र नियमन गरिनेछ। नदीजन्य पदार्थ चोरी निकासी प्रति शुन्य सहनशिलताको नीति अपनाइनेछ।

१२१. जलबायु उत्थानशिल र दिगो विकासमैत्री आयोजनालाई प्रथामिकता दिईनेछ। वातावरण, मौसम परिवर्तन र विपद जोखिम न्यूनिकरण गर्न स्थानीय समुदायमा आवश्यक जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ। पालिका भित्र रहेका जोखिमयुक्त ठाँउहरुको सूचिकरण गरी त्यस्ता ठाँउहरुमा बस्ती विस्तारमा निरुत्साहित गर्दै सुरक्षित वस्ती व्यबस्थापनको लागि आवस्यक व्यबस्था मिलाउदै लगिनेछ।

१२२. उर्जा नदीको पहिचानयुक्त यस गाउँपाउँपालिका भित्र सफा उर्जाको प्रयोगमा जोड दिईनेछ। उज्यालो मोदी कार्यक्रम अन्तर्गत धौलागिरी प्रवेशद्धार देखि अम्बोट सम्म मोदी करिडर अन्तर्गतका जलबिद्युत आयोजनाहरु निजी तथा सहकारी क्षेत्र सँग सहकार्य गरी सडक बत्ती जडान तथा डिमुवा पातिचौर क्षेत्रमा जडान गरिएका सौर्य बत्ती प्रणालीलाई थप प्रभावकारी बनाईनेछ। ग्रामिण विद्युतीकरणका विद्युत लाईनमा रहेका नाँगो तारहरुलाई ईन्सुलेटेड बनाउन विद्युत प्राधिकरण तथा विद्युत वितरण केन्द्र सँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ। विद्युत प्रसार लाईन नजिक रहेका जोखिमयुक्त रुखहरुलाई वन कार्यालय सँगको सहकार्यमा हटाईनेछ।

१२३. न्यायमा आम मोदीबासी नागरिकको सहज पहुँचलाई सुनिश्चित गर्न न्यायिक समितिको काम कारवाहीलाई थप प्रभावकारी र छरितो बनाईनेछ। न्यायिक समितिको फैसला कार्यान्वयनमा जोड दिईनेछ। न्यायिक समितिको फैसला तथा आदेशहरुलाई डिजिटाईज्ड गरिनेछ। हिंसा पीडित महिला, अपांगता भएका व्यक्ति, दलित, बालबालिका र ज्येष्ठ नागरिकलाई सहजीकरण गर्न गाउँपालिकामा नागरिक सहायता कक्षलाई प्रभावकारी बनाईनेछ।

**सभाका सदस्यहरु,**

१२४. स्थानीय शासन, प्रशासन, विकास व्यवस्थापन तथा सेवा प्रवाहलाई स्वच्छ, पारदर्शी, भ्रष्टाचारमुक्त तथा नागरिकमैत्री बनाईनेछ। शासकीय प्रक्रिया तथा प्रवन्धमा सदाचारिता नैतिकतालाई प्रवर्द्धन गरिनेछ। निर्णय प्रक्रियालाई छरितो तथ्यमा आधारित र सहभागितामुलक बनाईनेछ। गाउँकार्यपालिकाको कार्यालय र मातहतका निकायहरुको शासकीय प्रभावकारिताको निरन्तर अनुगमन नियमन गरिनेछ। शासन विकास र

सेवाप्रवाहको मासिक प्रगति अनिवार्य रुपमा कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था कडाईका साथ कार्यान्वयन गरिनेछ। कार्यप्रक्रिया तथा कानुनी जटिलताहरुलाई प्रचलित संघिय तथा प्रदेश कानुनसँग तादाम्यता मिलाउँदै प्रक्रियामा आवश्यकता अनुसार सरलीकरण गरिनेछ। निर्णयका हरेक चरणमा सहभागिता, विकासमा आम नागरिकको सार्थक र अर्थपुर्ण सहभागिता, योजनाबद्ध कार्यप्रणाली जस्ता सुशासनका अन्तरवस्तुहरूलाई आत्मसात गरिनेछ। भ्रष्टाचारजन्य क्रियाकलाप अनावश्यक ढिलासुस्ती अनिमितता जस्ता गैरकानुनी कार्य र क्रियाकलाप प्रति शून्य सहनशिलताको नीति अवलम्वन गरिनेछ। सेवा प्रवाहमा जनताको पहुँच बृद्धि गर्न घुम्ती सेवा मार्फत जनताहरुको घरदैलोमा गाउँपालिकाको सेवा पुर्याइने छ।

१२५. कार्यालयको नयाँ संगठन तथा व्यवस्थापन सर्भेक्षणको कार्य सम्पन्न गरी प्रभावकारी रुपमा लागु गरिनेछ। संगठन संरचनालाई चुस्त र प्रवीधिमा आधारित बनाईनेछ। संगठन तथा व्यवस्थापन सर्भेक्षण बमोजिमको स्वीकृत दरबन्दीको सिमाभित्र रहने गरी प्रदेश लोकसेवामा माग गर्ने वा सरुवा सहमति दिने नीति लिईनेछ। कार्यालयको लागि अतिरिक्त दायित्व थप हुनेगरी र स्वीकृत दरबन्दी तथा संघिय एवं प्रदेशको स्वीकृत कार्यक्रमको बजेट सिमा भन्दा बढी हुने गरी अत्यावश्यक भन्दा बाहेक करार सेवामा कर्मचारी नियुक्ती गरिने छैन। स्वास्थ्य सेवा तर्फ रिक्त रहेका स्थानमा र स्वीकृत दरबन्दीको सिमाभित्र रहि सेवा प्रवाह अवरुद्ध हुने अवस्था सृजना भएमा मात्र सेवा करारमा कर्मचारी नियुक्त गरिनेछ। सामुदायिक स्वास्थ्य ईकाईहरुको न्युनत्तम सेवा मापदण्ड लगायतका सुचक समेतको आधारमा आवश्यकता तथा औचित्यताको सम्बन्धमा पुनरावलोकन गरिनेछ। गाउँपालिका स्तरीय वर्थिङ सेन्टरलाई अत्याधुनिक व्यवस्थापन सहित प्रभावकारी रुपमा संचालन गरिनेछ।

१२६. कार्यालयको अभिलेख तथा संस्थागत स्मरणलाई व्यवस्थित गरिनेछ। संस्थागत स्मरण सम्बन्धी प्रचलित संघीय तथा प्रदेश ऐन कानूनहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१२७. सुशासन, आर्थिक एवं वित्तीय अनुशासनलाई प्रभावकारी बनाउन महालेखा परिक्षकको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता निकायले दिएका सुझाव राय निर्देशनलाई आत्मासाथ गरिनेछ। आर्थिक र वित्तीय प्रणालीमा पारदर्शिता र उत्तरदायित्व सुदृढ गरिनेछ। बेरुजु फर्छ्यौटलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ।

१२८. कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउँदै तर्जुमा गरिएका ऐन, नियमावली कार्यविधि तथा निर्देशिकाहरुलाई समयानुकूल परिमार्जन तथा परिष्करण गर्दै लगिनेछ। सार्वजनिक खर्चलाई प्रभावकारी तथा मितव्ययी बनाउन खर्चको मापदण्ड सम्बन्धी कार्यविधिलाई आर्थिक तथा वित्तीय अनुशासन कायम गर्न सक्ने गरी आवश्यक परिमार्जन गरिनेछ ।

१२९. कार्यालयको लेखा प्रणाली, रिपोर्टिङ बेरुजु फछ्र्यौट जस्ता कार्यहरूलाई चुस्तदुरुस्त र व्यवस्थित बनाउन लेखा समितिलाई थप सक्रिय बनाईनेछ। विषयगत समितिहरुलाई विषयक्षेत्रगत प्रशासनिक, वित्तीय तथा आर्थिक अनुशासन कायम गर्नेतर्फ केन्द्रित गरिनेछ। आन्तरिक तथा अन्तिम लेखापरिक्षणबाट औल्याईएका बेरुजुहरु संपरिक्षण गरी बेरुजु न्यूनीकरणमा जोड दिईनेछ।

१३०. कार्यालयको विद्यमान बेरुजुको आकारलाई न्यूनीकरण गर्दै शुन्य बेरुजु कायम गर्नेतर्फ ठोस कदमहरु चालिने छ। स्थापना कालिन समयदेखि असुल उपर गर्नुपर्ने भनी महालेखा परिक्षकको कार्यालयबाट औंलाईएका वेरुजूहरुको असुली कार्यलाई प्राथमिकता दिईनेछ।

१३१. सहकारी क्षेत्रमा देखिएका आर्थिक अपचलनका घटनालाई मध्यनजर गर्दै गाउँपालिकाको क्षेत्राधिकार भित्रका सहकारीहरुको प्रभावकारी नियमन एवं नियन्त्रण गरिनेछ। सहकारीहरुसँग संभाव्य तथा स्थानीय उत्पादन तथा उत्पादकत्व अभिबृद्धि हुने क्षेत्रमा आर्थिक सहकार्य गरिनेछ। समान उद्देश्य रहेका सहकारीहरुलाई एकआपासमा गाभिन प्रोत्साहित गरिनेछ भने निष्क्रिय रुपमा रहेका सहकारी संस्थालाई खारेज गर्ने नीति अवलम्वन गरिनेछ।

१३२. प्रत्येक शाखा तथा वडा कार्यालयले बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि बार्षिक कार्ययोजना तयार गरी पेश गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ। वडा कार्यालयहरुको सेवा प्रवाहलाई एकरुपता तथा चुस्त दुरुस्त बनाउन सुचना प्रविधिको प्रयोग गरिनेछ। वडा कार्यालयहरुबाट प्रदान गरिने सेवाप्रवाह लाई गुणस्तरीय तथा लागतप्रभावी बनाईनेछ।

१३३. कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित गर्न र संगठन प्रति अपनत्व सृजना गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरिनेछ। कर्मचारीले प्राप्त गर्ने सेवा तथा सुविधाहरुलाई कार्यसम्पादनमा आधारित बनाईनेछ। कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको क्षमता विकासको लागि विशिष्टिकृत तालिम प्रदायक निकायहरु सँगको सहकार्यमा क्षमता विकासका तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ। अन्य स्थानीय

तहका असल अभ्यासहरुको सिकाई, ज्ञान आदान/प्रदान तथा अवलोकनका कार्यक्रमहरु संचालन गरिनेछ। गाउँपालिकाको दुर्गम भुगोलमा कार्यरत र सुगम तथा कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु बीच समान तहमा चक्रिय सरुवाको नीति लिईनेछ। सेवा सुविधा तथा अवसरहरुको समन्यायिक वितरण गरिनेछ।

१३४. सरकारी खर्चमा मितव्ययिता कायम गर्न उच्च प्रतिफलयुक्त योजना कार्यक्रम तथा मानव पूँजी निर्माणका क्षेत्रमा लगानी केन्द्रित गरिनेछ। चालु खर्चलाई वाञ्छित सिमा भित्र राख्दै पूँजीगत खर्च तर्फ विनियोजन कुशलता तथा कार्यान्वयन दक्षता अभिबृद्धि गरिनेछ।

१३५. पत्रकार महासंघ तथा पत्रकार सम्बद्द संघसस्थाहरुसगँको समन्वय र सहकार्यमा खोज पत्रकारिता र पत्रकारिता क्षेत्रको सबलिकरण, प्रवर्द्धन तथा उत्प्रेरणाका लागि आवस्यक व्यबस्था मिलाइने छ।

**सभाका सदस्यहरु,**

१३६. डिजीटल नेपालको फ्रेमवोर्क कार्यान्वयनका गरी सार्वजनिक सेवा प्रवाहलाई बिद्युतीय प्रणालीको माध्यमबाट सहज, सरल र पहुँचयोग्य बनाउँदै लगिनेछ। कार्यालयको सेवाप्रवाहलाई क्रमशः कागजरहित र नगदरहित बनाउँदै लगिनेछ। गाउँगाउँमा सिंहदरबारको अवधारणालाई सार्थकता प्रदान गर्न वडा कार्यालयबाट प्रवाह हुने सेवालाई सूचना प्रविधिको माध्यमबाट थप परिष्करण एवं आवश्यकता अनुसार थप अधिकारहरु प्रत्यायोजन गरिनेछ।

१३७. इ-गर्भनेन्सको अवधारणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै गाउँपालिकाबाट उपलब्ध हुने सेवाहरूको एकिकृत व्यवस्था गरी स्मार्टकार्ड मार्फत् सेवा उपलब्ध गराउन आवस्यक पहल गरिने छ।

१३८. सार्वजनिक खरिद प्रणालीलाई थप व्यवस्थित र प्रवीधि एवं प्रणालीमा आधारित बनाईनेछ। गाउँकार्यपालिकाको कार्यालय मातहतका सम्पुर्ण निकायहरुमा सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (PAMS) लाई अनिवार्य गरिनेछ। सार्वजनिक खरिदलाई मितव्ययी लागतप्रभावी र अनुमानयोग्य बनाईनेछ। खरिद गुरुयोजना र वार्षिक खरिद योजना निर्माण गरी सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गरिनेछ।

१३९. युवा क्लव सामुदायिक संघ संस्था आमा समूह टोलसुधार समितिहरुलाई थप सक्रिय बनाई सामाजिक कार्यहरुमा परिचालन गरिनेछ। स्थानीय आमा समूहहरुलाई उद्यमशिलता एवं सिप विकास विकास तालिम प्रदान गरि आयआर्जन तथा उत्पादन प्रणालीमा आवद्ध गरिनेछ।

१४०. गाउँपालिका भित्र भएका नदी तथा खोलाहरुबाट हुने कटान रोक्न छिमेकी स्थानीय तह, प्रदेश एवं संघीय सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

१४१. गाउँपालिका क्षेत्रभित्र सडकहरुको निर्माणमा अत्यावश्यक बाहेक हेभी इक्विपमेन्टको प्रयोगलाई क्रमशः निरुत्साहित गर्ने निति लिईने छ। उपभोक्ता समितिहरुबाट हुने काममा मेशिन उपकरणको प्रयोग गर्न नदिने नीति लिईनेछ।

१४२. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय लगायत गाउँपालिका अन्तरगतका सबै सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुमा नागरिक बडापत्र तथा सेवा प्रवाहको फ्लोचार्ट अनिवार्य राख्ने व्यवस्था मिलाईनेछ। गाउँ कार्यपालिकाको कार्यालयमा स्मार्ट डिजिटल नागरिक बडापत्र जडान गरिनेछ। कार्यालयको आधिकारिक फेसबुक पेज, डिजिटल गुनासो व्यबस्थापन प्रणाली र वेभसाईटलाई थप व्यवस्थित र सुचना सम्प्रेषण एवम् नागरिकको चासो र गुनासो ग्रहणको प्रमुख औजारको रुपमा विकसित गर्दै लगिने छ।

१४३. युएनडिपि, जिभाय नेपाल, गुड नेवर्स, सोडेक नेपाल, नवचेतना सामुदायिक विकास केन्द्र लगायतका गैह्र सरकारी संघ संस्थाहरुको सहकार्यमा सामुदायिक तथ्याङ्क सर्वेक्षण, बालबालिका, महिला, शिक्षा तथा स्वास्थ्यका क्षेत्रमा आवसश्यक कार्यक्रमहरु लागू गरिने छ।

१४४. प्रचलित कानून बमोजिम गर्नुपर्ने सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण जस्ता उत्तरदायित्व प्रवर्द्धन हुने कार्यक्रमहरुलाई सबै योजना तथा कार्यक्रमहरुमा अनिवार्य रुपमा लागू गरिनेछ।

१४५. सार्वजनिक भौतिक संरचना, पुल पुलेसाहरु, सडक तथा सडक नाली आदिको नियमित मर्मत सम्भार र संरक्षणमा जोड दिईनेछ। महत्वपूर्ण सडकहरुको नियमित मर्मत, सम्भारका लागि गाउँपालिका स्तरीय सडक मर्मत समूह (Road Maintenance Group) गठन गरि परिचालन गरिनेछ।

१४६. बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाई गुणस्तरीय र स्वस्थकर सामान उपभोक्ताहरुले उचित मूल्यमा प्राप्त गर्ने व्यवस्था मिलाइने छ। गाउँपालिका भित्रका सबै वडाहरुमा कम्तीमा चौमासिक रुपमा बजार अनुगमन गर्ने व्यवस्था मिलाईने छ।

१४७. शासकीय प्रवन्ध विकास व्यवस्थापन तथा सेवाप्रवाह लगायतका विषयमा नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार सँग नेपालको संविधानले अंगिकार गरेको सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्वन गर्दै आवश्यक समन्वय तथा सहकार्य

गरिनेछ। छिमेकी स्थानीय तहहरुसँग समेत साझा चासो र सरोकारका विषयमा आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

१४८. गाउँपालिकाको कार्यप्रक्रिया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी विकास तथा संस्थागत सुशासनमा रहेका कमीकमजोरीहरुको बारेमा पृष्ठपोषण गर्न सम्बन्धित क्षेत्रका विज्ञहरुबाट अध्ययन अनुसन्धान गराई प्राप्त सुझावहरुहरुको कार्यान्वयनमा जोड दिईनेछ।

१४९. स्थानीय तहको एकल अधिकारका विषयमा आवश्यक कानून तर्जुमा गरी प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ। आन्तरिक आम्दानी सुधारका क्षेत्रहरु पहिचान गरी कार्यान्यवनको लागि आवश्यक व्यवस्था गरिनेछ। गाउँकार्यपालिका गाउँसभा र न्यायिक समितिको कार्यप्रक्रियामा वाञ्छित सुधार तथा असल अभ्यासहरुको अवलम्वन गरिनेछ। कार्यपालिका तथा गाउँसभाका निर्णयहरुलाई डिजिटाईजेशन गरी व्यवस्थित गरिनेछ। न्यायिक समिति तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ। न्यायमा स्थानीय नागरिकको सहज पहूँचलाई सुनिश्चित गरिनेछ। पिडितलाई न्याय र पिडकलाई दण्डको नीति कडाईका साथ अवलम्वन गरिनेछ।

१५०. गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने कार्यलाई आवश्यक अध्ययन गरी उपयूक्त नीति अवलम्वन गरिनेछ। विकासका गतिविधिमा नागरिक अपनत्व अभिवृद्धिमा विशेष जोड दिइनेछ। नागरिकलाई विकासको निष्कृय उपभोक्ता बन्नबाट जोगाउन सामाजिक परिचालनका कार्यक्रममा जोड दिने नीति लिईनेछ। शासकीय प्रवन्ध, विकास र सेवा प्रवाह तथा सशक्तीकरणका कार्यक्रमहरुमा सार्वजनिक, नीजि, साझेदारीको नीतिमा जोड दिईनेछ। अर्थतन्त्रको प्रमुख खम्बाको रुपमा रहेका सहकारी तथा निजी क्षेत्रसँग सम्भावित उत्पादनमूलक र उच्च प्रतिफल दिने योजना आयोजना तथा कार्यक्रम कार्यान्वयनका क्षेत्रमा आवश्यक साझेदारी तथा सहकार्य गरिनेछ।

१५१. गाउँकार्यपालिकाको कार्यालयमा सेवा प्रवाह सहजिकरणका लागि सूचना प्रवीधिमा आधारित एकिकृत सेवा केन्द्र तथा नागरिक सहायता कक्ष स्थापना र संचालन गरिनेछ। वडा कार्यालयहरुलाई प्रविधिमा आधारित बनाउँदै सेवा प्रवाहको सेन्टर अफ एक्सिलेन्सको रुपमा विकास गर्दै लगिनेछ। पालिकाको स्वःपहिचानको लागि पालिका गान तथा स्लोगन तयार गरि लागू गरिनेछ।

१५२. कर्मचारीहरुलाई पदसोपान, क्षमता, अनुभव र कार्यसम्पादनका आधारमा उपयुक्त जिम्मेवारी प्रदान गर्ने नीति कडाईका साथ अवलम्वन गरिनेछ। गाउँपालिकालाई ज्ञानमा

आधारित संगठनको रुपमा विकास गरिनेछ। संगठनलाई अनुशासित बनाउन चेन अफ कमाण्डलाई मजबुत बनाईनेछ। कर्मचारीहरुको क्षमता, ज्ञान, सीप, दक्षता तथा स्थानीय शासनको प्रभावकारिता अभिवृद्धि गर्दै गाउँपालिकालाई सुशासनको केन्द्रको रुपमा विकास गरिनेछ। कर्मचारीहरुको उत्प्रेरणा र मनोवल उच्च राख्दै समग्र गाउँपालिकाको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न मौद्रिक र गैरमौद्रिक प्रोत्साहनका उपायहरु प्रयोग गरिनेछ। करार सेवा तर्फका कर्मचारीहरुको क्षमता, अनुभव र कार्यसम्पादनका आधारमा मात्र करार सेवाको नविकरण गर्ने नीति लिईनेछ। भ्रष्टाचार तथा पेशागत मर्यादा विपरितका कार्यका विरुद्द शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ।

१५३. गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक तथा सरकारी सम्पत्तिहरुको समूचित संरक्षण तथा सम्बर्द्धन गरिनेछ।कार्यालयमा खरिद गरिएका मालसामान र सामग्रीहरुको सार्वजनिक सम्पत्ति व्यबस्थापन प्रणालीमा प्रविष्टी गरी संरक्षण तथा सम्बर्द्धनमा जोड दिईनेछ। कार्यालयमा रहेका मेशिन उपकरण सवारी साधन लगाएतका साधनस्रोतहरुको समुचित उपयोग रेखदेख तथा मर्मत सम्भार गरिनेछ। गाउँपालिकाको स्वामित्वमा रहेका कुनै पनि सरकारी साधनस्रोतको दुरुपयोग हुन दिईनेछैन।

१५४. शासकीय प्रवन्ध, विकास सेवाप्रवाह लगायतका विषयक्षेत्रगत विधाहरुमा नवप्रर्वद्धन तथा असल अभ्यासहरुको स्थानीयकरणमा विशेष जोड दिईनेछ। आम नागरिकले प्रत्यक्ष रुपमा गुनासो समस्या राख्न सक्ने गरी एउटा निःशुल्क हटलाईन नम्बर को व्यवस्था गरिनेछ। मोदी गाउँपालिकालाई नागरिकले प्रत्यक्ष रुपमा आफ्नै घरआँगनमा स्थानिय सरकार भएको महसुस तथा अनुभूति गर्न सक्ने गरी नागरिकका गुनासो, समस्या, पिरमर्का सुन्न **नागरिकसँग गाउँ सरकार** कार्यक्रम संचालन गरिनेछ।

१५५. मौसमजन्य विपद तथा प्राकृतिक प्रकोपबाट पिडित नागरिकहरुलाई छरिटो र तुरुन्त राहत उपलब्ध हुने गरी आवश्यक व्यवस्था मिलाईनेछ।

१५६. गाउँपालिकाको केन्द्रलाई प्रत्येक वडा कार्यालय सम्म र वडाका केन्द्रलाई प्रत्येक टोल र बस्ती सम्म जोड्ने तथा गाउँपालिका भित्रका विद्यालयहरु, स्वास्थ्य केन्द्र र व्यापारिक केन्द्र समेतलाई सडक संजालसँग आवद्धगर्दै मोदिवासीहरुको दैनिक जनजीवनलाई थप सहज बनाउने गरि पूर्वाधार निर्माणलाई तिव्रता दिदै सार्वजनिक यातायात सञ्चालन को पहल गरिनेछ। विकासका गतिविधिहरुमा नागरिकको सहभागीतालाई अभिवृद्धि गर्न लागत साझेदारी गरिने योजना तथा कार्यक्रमलाई प्रथामिकता दिईनेछ। योजनाको वास्तविक गुणस्तर परीक्षण गरी भुक्तानी दिने प्रणालीलाई कडाईका साथ लागू गरिनेछ।

१५७. मोदी गाउँपालिका जन्मस्थान भई विभिन्न क्षेत्रमा विशेषज्ञता हासिल गर्नुभएका तथा विभिन्न सार्वजनिक सेवाबाट सेवा निवृत्त हुनुभएका विशिष्ट व्यक्तिहरुलाई उच्च सम्मान गर्दै उहाँहरुको ज्ञान सिप दक्षता र अनुभवको उच्चतम उपयोग गर्न विज्ञ सँग मोदी कार्यक्रम संचालन गरिनेछ। विशिष्ट व्यक्तिहरुको विज्ञता सम्बन्धित विषयक्षेत्रमा उपयोग गर्ने नीति लिईनेछ।

१५८. संघ र प्रदेश सरकारका निकाय एवं उपभोक्ता समितिहरुसँग लागत साझेदारी तथा सहलगानीमा खानेपानी सरसफाई र फोहोरमैला व्यवस्थापनका आयोजना एकिकृत रुपमा कार्यान्वयन गरिनेछ।

१५९. गाउँपालिका केन्द्र र प्रमुख बजार क्षेत्रहरुमा हरियाली प्रवर्द्धन र फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ। गाउँपालिकाको फोहोरमैला व्यवस्थापनको लागि आवश्यक जग्गा खोजी गरी फोहोरमैलाको दिगो व्यवस्थापनको लागी अन्य विशिष्टिकृत निकायहरुसँग सहकार्य गरिनेछ।

**सभाका सदस्यहरु,**

हामी सबैको एकिकृत र साझा प्रयासबाट मात्रै आम नागरिकको अपेक्षा पुरा गर्ने तर्फ नीतिगत, कार्यप्रणालीगत, संस्थागत र संरचनागत रुपमा हाम्रो ध्यान जानु जरुरी छ। गाउँपालिकाका जल्दाबल्दा चूनौतीको रुपमा रहेका निर्वाहमूखि कृषिमा आधारित गरिबी, बेरोजगारी, कमजोर मानव विकास, स्रोतको अभाव, प्रतिभा पलायन, जनसंख्याको बदलिंदो गतिशिलता, कृषि भूमिहरु खण्डहर हुनु, कमजोर सामाजिक परिचालन आदिलाई सामना गरी आर्थिक, सामाजिक र मानव विकास लगायत दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न यस नीति तथा कार्यक्रमले सहयोग गर्ने विश्वाश लिएको छु। गाउँपालिकाको समग्र शासकीय प्रवन्ध, सेवा प्रवाह एवं गाउँपालिकाको विकास र समृद्धिको अभिलाषालाई सकार पार्न सहयोग पुर्याउनुहुने सभाका सदस्यहरु, क्रियाशिल राजनीतिक दलहरु, राष्ट्रसेवक कर्मचारी, सहकारी एवम् नीजि क्षेत्र, विकास साझेदारहरु, आम संचार जगत, सचेत नागरिक समाज लगायत सम्पूर्ण मोदीवासी जनसमुदायहरु प्रति हार्दिक सम्मान तथा आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा रचनात्मक सहयोग र आवश्यक पहल कदमीको अपेक्षा राख्दछु। **धन्यवाद !**

**हिरादेवी शर्मा**

**अध्यक्ष**

मोदी गाउँपालिका गाउँसभाको १७ औ अधिवेशनमा

गाउँपालिका उपाध्यक्ष श्री बिमल लामिछाने द्वारा प्रस्तुत

आर्थिक बर्ष २०८२/८३ को

# बजेट वक्तव्य

मोदी गाउँपालिका

पातिचौर,पर्वत

गाउँसभामा पारित मितिः२०८२/०३/१५

**श्रद्देय गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका आदरणीय सदस्य ज्युहरु**

मोदी गाउँपालिकाको १७ औं अधिवेशन अर्थात बजेट अधिवेशनमा हामी उपस्थित भइरहेका छौ, गाउँसभामा गाउँपालिकाको दिर्घकालिन सोच र जनआकांक्षा सहितको नीति तथा कार्यक्रमलाई योजना र कार्यक्रम मार्फत कार्यन्वयनमा ल्याउने दस्तावेजको रुपमा हालसम्मका अनुभव र समुन्नत गाउँपालिका निर्माण गर्ने सुन्दर र पवित्र उदेश्य सहित मोदी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यकम प्रस्तुत गर्न मोदी गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यहाँहरु माझ उपस्थित भएको छु । यस महत्त्वपूर्ण अवसरमा, हामीलाई लोकतन्त्रको सुन्दर पक्ष आवधिक निर्वाचन मार्फत अनुमोदन गरी यस स्थानमा ल्याई पुराउनुहुने मोदी गाउँपालिका बासी सम्पूर्ण आम मतदाता, आमाबुवा दाजुभाई दिदीबहिनीहरु प्रती हार्दिक नमन सहित धन्यवाद  ब्यक्त गर्न चाहन्छु । साथै देशको आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सबै अग्रजहरु प्रती आदरभावका साथ सम्मान ब्यक्त गर्दै संघिय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल निर्माणका लागी जीवन उत्सर्ग गर्नुहुने ज्ञातअज्ञात शहिदहरु, नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, रास्ट्रिय एकता, स्वाधिनता र सामाजिक न्याय सहितको समानता र समृद्धी प्रासीको लागी संघर्ष र बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात/अज्ञात  सहिदहरु प्रती भावपूर्ण श्रद्दान्जली अर्पण गर्न चाहन्छु ।

**श्रद्देय सभाध्यक्ष महोदय,**

नेपालको संबिधान २०७२ ले अङ्गीकार गरेको संघियता र राज्यको पुनर्संरचना बमोजिम स्थापना भएको  मोदी गाउँपालिकाको संरचनागत, संस्थागत र समग्र  विकास को लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने संस्थापक अध्यक्ष प्रेम शर्मा पौडेल, उपाध्यक्ष सेती महत लगायत तत्कालिन सम्पूर्ण जनप्रतिनिधि, एवम् रास्ट्र सेवक कर्मचारीहरु प्रति आभार प्रकट गर्दै उहाँहरुको योगदानको मुक्तकण्ठले प्रसंशा गर्न चाहन्छु र यो गरिमामय सभामा धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

हामी जनप्रतिनिधिका रुपमा निर्वाचित भएर ३ वर्ष सफलतापूर्वक पुरा गरिसकेका छौं । यस अबधिमा हामीले जनताका आश्यकताहरु बुझ्न, नीतिगत निर्णयहरु गर्न र सेवा प्रवाहमा सुधार ल्याउनका लागी महत्त्वपूर्ण अनुभव हासिल गरेका छौ । आगामी २ वर्ष हाम्रो कार्यकालको महत्त्वपूर्ण समय हो र बाँकी समयलाई थप प्रभावकारी, परिणाममुखी र जनमुखी बनाउन पालिकाबासीको जनअपेक्षाहरुलाई क्रमसः संबोधन गर्दै मोदी गाउँपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, दिगो पूर्वाधार, नवप्रवर्तन उद्धमशिलता र विपद उत्थानशिल विकासमा ध्यान केन्द्रित हुने विश्वास राख्दै स्वास्थ्य, शिक्षा, रोजगारी, कृषी उत्पादन, खानेपानी, दिगो पूर्वाधार विकास निर्माण तथा सुशासन सहितको सेवा प्रवाह मार्फत

पालिकावासीलाई परिवर्तनको प्रत्यक्ष अनुभुती हुने गरी काम गर्न मोदी गाउँपालिका प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छु । साथै यस अवधिमा सिमित साधन स्रोत, कतिपय कानुनी जटिलता र अन्योलताका बीच मोदीवासी  जनताको सेवा प्रवाहमा अहोरात्र खट्नुहुने सम्पूर्ण जनप्रतिनिधि ज्युहरु र रास्ट्रसेवक कर्मचारी साथीहरु प्रति पुनः धन्यवाद एवंम् आभार प्रकट गर्न चाहन्छु ।

**श्रद्देय सभाध्यक्ष महोदय,**

मोदी गाउँपालिकाको आगामी आर्थिक वर्ष  २०८२/०८३ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संबिधान, संघिय तथा गण्डकी प्रदेश सरकारबाट जारी ऐन तथा नियमावली, स्थानीय सरकार संचालनको मार्गदर्शनको रुपमा रहेको स्थानीय सरकार संचालन ऐन २०७४, संघीय तथा प्रदेश सरकारको आ.व २०८२/०८३ का नीति तथा कार्यक्रम, स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि २०७७, गाउँपालिकाका विषयगत समितिबाट प्राप्त सुझावहरु, दिगो विकासका लक्ष्यहरु, मोदी गाउँपालिकाको प्रथम पन्चबर्षिय योजना, सार्वजनिक सुनुवाईबाट प्राप्त सुझावहरु, गाउँपालिकाको आन्तरिक स्रोत साधन र परिचालनको अवस्था, विभिन्न संघ संस्था, पालिकाभित्र क्रियाशील राजनीतिक दलहरुबाट प्राप्त सुझावहरु र नागरिकका अपेक्षा र आवश्यकतालाई प्रमुख आधार बनाएको छु ।

**श्रद्देय सभाध्यक्ष महोदय,**
**गाउँ सभाका आदरणीय सदस्य ज्यूहरु,**

अब म चालु आर्थिक वर्षको वित्तीय अवस्थाको संक्षिप्त जानकारी प्रस्तुत गर्न चाहन्छु ।

चालु आ.व.२०८१/०८२ को लागि कुल बजेट रु ५८ करोड ८५ लाख २४ हजार ३ सय ९९ रुपैंया अनुमान गरिएको छ, जसमध्ये चालु तर्फ ४५ करोड ७८ लाख ३२ हजार ७ सय ४९ रुपैंया र पुँजीगत शिर्षकमा १३ करोड ६ लाख ९१ हजार ६ सय ५० रुपैंया विनियोजन  भएकोमा मिति २०८२ असार पहिलो साता सम्म विनियोजित बजेट को ७२.५३ प्रतिशत अर्थात् ३० करोड ३३ लाख ४५ हजार १ सय ८५ रुपैया आम्दानी भइ चालु तर्फ ६४.०९ प्रतिशत  र पुजीगत तर्फ २९.६३ प्रतिशत खर्च भएको छ । समग्रमा ३३ करोड २२ लाख ५ हजार ६ सय १५ रुपैया अर्थात् ५६.४४ प्रतिशत खर्च भइ २५ करोड ६३ लाख १८ हजार ७ सय ८३ रुपैया मौज्दात रहेको छ ।

अब म मोदी गाउँपालिकाको आगामी आ.व २०८२\०८३ मा प्रस्ताव गरिएका बजेट तथा कार्यक्रमको उदेश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उदेश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

**उद्देश्य :-**

- पालिकाको सबलीकरण र संस्थागत सुदृढिकरण गर्ने,
- स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरि पालिका भित्रको आर्थिक असमानता र गरिबीलाई न्यूनीकरण गर्ने,
- कृषि, पर्यटन र लघु उद्धम मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारीको अवसर सृजना गर्ने,
- पालिका भित्र संचालित सबै विद्यालयहरुमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न शिक्षालाई सुचना/प्रविधि मैत्री बनाउदैं प्राविधिक शिक्षा र आवासीय विद्यालयमा जोड दिने,
- आधारभूत स्वास्थ्य सेवालाई थप सर्वसुलभ र गुणस्तरीय बनाउदैं सबै पालिकाबासीको पहुँच अभिवृद्धि गर्ने,
- बालमैत्री पालिका निर्माण गर्ने,
- समाजमा बिधमान सबै खाले विभेदको अन्त्य गर्नका लागि विशेष कार्यक्रम संचालन गर्ने,
- प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग गर्ने,
- निजि क्षेत्रसंगको सहकार्यमा रोजगारी सिर्जना गर्ने,
- सार्वजनिक सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउने,
- सरकारी खर्चमा मितव्ययीता अपनाउने र आर्थिक अनुशासन कायम गर्ने

**श्रद्देय सभाध्यक्ष महोदय,**

माथि उल्लेखित उद्देश्यहरु पुरा गर्नका लागी आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा निम्न विषयहरुलाई प्राथमिकतामा राखेको छु ।

- गुणस्तरीय एवं प्रविधि मैत्री शिक्षा,
- सर्वसुलभ स्वास्थ्य सेवा,
- कृषि क्षेत्रको रुपान्तरण व्यवसायीकरण र यान्त्रिकरण,
- भौतिक पूर्वाधार र सामाजिक क्षेत्रको विकास,
- वातावरण संरक्षण र विपद व्यवस्थापन,
- पर्यटन प्रबर्धन,
- उद्धमशिलताको विकास, सामाजिक समावेशीकरण तथा लैङ्गिक उत्तरदायित्त्व
- रोजगारीको सिर्जना,
- सार्वजनिक सेवा प्रवाह,
- सूचना र प्रविधि,

- स्थानीय माग,
- कार्यपालिका, वडा समिति र विषयगत समितिका निर्णय एवं सिफारिस

माथि उल्लेखित उदेश्य एवं प्राथमिकता प्राप्त गर्न संघीय सरकार, प्रदेश सरकार र छिमेकी स्थानीय तह तथा सरकारी/गैरसरकारी संघसंस्थाहरु संग अधिकतम समन्वय गरिनेछ ।

**श्रद्देय सभाध्यक्ष महोदय,**
**गाउँ सभाका आदरणीय सदस्य ज्युहरु**

अब म राजश्व परामर्श समिति, स्रोत अनुमान तथा  बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्र म तर्जुमा समिति र कार्यपालिका बैठकबाट भएको सिफारिसका आधारमा आर्थिक वर्ष २०८२/०८३ को लागि आय र व्यय सहितको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

| क स | श्रोत | रकम | रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानिकरण अनुदान | ९३०००००० | ९३०००००० |
| २ | राजश्व वाडफाँड संघिय सरकार | ८६५१५००० | ८६५१५००० |
| ३ | समानिकरण अनुदान प्रदेस सरकार | ११६१२००० | ११६१२००० |
| ४ | संघिय सरकारबाट राजश्व बाँडफाँड विद्युत रोयल्टी | १९८००००० | १९८००००० |
| ५ | राजस्व बाँडफाँड प्रदेश सरकार | ९६९२००० | ९६९२००० |
| ६ | आन्तरिक आम्दानी | १३४०५००० | १३४०५००० |
| ७ | नगद मौज्दात | ४१४३६००० | ४१४३६००० |
| ८ | राजश्व बाँडफाँड स्थानिय दहत्तर बहत्तर घरजग्गा रजिष्ट्रेशन कर | १७०००००० | १७०००००० |
| ९ | वन रोयल्टी | १५००० | १५००० |
| १० | पर्वतारोहण रोयल्टी | ५००० | ५००० |
|  | कुल आम्दानी रकम | २९२४८०००० | २९२४८०००० |
| १ | ससर्त अनुदान संघिय सरकार |  | ३०२६००००० |
| २ | समपुरक अनुदान संघिय सरकार |  | १८१००००० |
| ३ | ससर्त अनुदान प्रदेश सरकार |  | २००००० |

| | | | |
|---|---|---|---|
| ४ | विशेस अनुदान संघिय सरकार | | १३०००००० |
| ५ | समपुरक अनुदान प्रदेस सरकार | | ६०००००० |
| ६ | विशेष अनुदान प्रदेस सरकार चालु | | ४०००००० |
| | **कुल जम्मा** | | **६३,६३,८०,०००/-** |

आ.व २०८२/०८३ का लागि आय तर्फ निम्नानुसार स्रोत अनुमान गरेको छु ।

अब म आर्थिक वर्ष २०८२/०८३ को कुल बजेट रु ६३,६३,८०,०००/-(**अक्षरमा त्रिसठ्ठी करोड त्रिसठ्ठी लाख असि हजार मात्र**) को स्रोत अनुमान बाट सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानलाई यथावत राखि अन्य आय स्रोतबाट अनुमानित **रु** २९,२४,८०,०००**/-(अक्षरमा उन्तीस करोड चौबिस लाख असि हजार मात्र)** लाई आधार मानी चालु र पूँजीगत खर्चको विस्तृत विवरण प्रस्तुत गर्न चाहन्छु। आगामी आ.व. २०८२/०८३ मा चालु खर्च तर्फ रु.४७,१९,९८,०००/-(**अक्षरमा सठ्चालिस करोड उनाइस लाख अन्ठानब्बे हजार मात्र**) तथा पूँजीगत तर्फ रु १६,४३,८२,०००/-(**अक्षरमा सोह्र करोड त्रिचालिस लाख बयासी हजार मात्र**) विनियोजन गरेको छु ।

**श्रद्देय सभाध्यक्ष महोदय,**

अब म क्षेत्रगत रुपमा बजेटको विनियोजन प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**सामाजिक विकास :-**

***शिक्षा तर्फ***

- शिक्षालाई सिप र सीपलाई श्रम संग जोड्दै लैजानको लागि कृषि उत्पादनमा आधारित **पढ्दै कमाउदै कार्यक्रम**लाई निरन्तरता दिएको छु ।
- पालिका अनुदान दरबन्दीमा कार्यरत शिक्षकहरुको तलब भत्ता तथा सिकाई उपलब्धी कमजोर रहेको विद्यार्थीहरुको उपचारात्मक शिक्षण र अतिरिक्त कक्षा संचालनको लागि **रु २५ लाख** विनियोजन गरेको छु ।
- बालकक्षा शिक्षक र विद्यालय कर्मचारी तथा सिकाइ केन्द्रका सहजकर्ताहरुको थप तलबको लागि **रु १ करोड १६ लाख** विनियोजन गरेको छु ।
- हाम्रो मोदी पाठ्यपुस्तक निर्माण तथा छपाईको लागी **रु ८ लाख** विनियोजन गरेको छु ।
- आधारभूत शिक्षा परिक्षा केन्द्र संचालन तथा बार्षिक परिक्षा अनुदानको लागी **रु ७ लाख** विनियोजन गरेको छु ।

- विधार्थीहरुको मानसिक तथा शारिरिक विकासको लागि सन्चालन हुने अतिरिक्त शैक्षिक क्रियाकलाप, प्रतिभा पहिचान र दिवसीय कार्यक्रम संचालनको लागि **रु ५ लाख** विनियोजन गरेको छु ।
- विधार्थी संख्याको आधारमा पालिकाको तर्फबाट थप विद्यालय संचालन तथा व्यवस्थापन खर्चको लागि **रु ४ लाख** विनियोजन गरेको छु ।
- बालबालिका तथा युवा वर्गको शारीरिक, मानसिक र बौद्धिक विकासको लागी विद्यालय स्काउट कार्यक्रम संचालन गरिनेछ, जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- आवासीय विद्यालय विकासलाई निरन्तरता दिदै सिकाइ उपलब्धि वृद्धि गर्ने कार्यक्रमका लागि **रु २० लाख** विनियोजन गरेको छु।
- पालिकाको एक मात्र नव जागृत बहुमुखी क्याम्पसमा नयाँ भर्ना हुने विधार्थीहरुलाई प्रोत्साहन गर्न छात्रवृति कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- विद्यालय मर्मत सम्भार, फर्निचर व्यवस्थापन र सौन्दर्यीकरण कार्यक्रमका लागी **रु १० लाख** विनियोजन गरेको छु ।
- अभिभावक शिक्षा तथा समाबेशी शिक्षा संजाल संचालन तथा व्यवस्थापनको लागी आवश्यक बजेट व्यवस्था गरेको छु ।
- गाउँ शिक्षा गुरुयोजना निर्माणका लागी आवश्यक बजेट व्यवस्था गरेको छु ।
- अंग्रेजी माध्यमबाट अध्यापन हुने सामुदायिक विद्यालयहरुका पाठ्यपुस्तक खरिदका लागि थप अनुदान रु **८ लाख** विनियोजन गरेको छु ।
- माध्यमिक विध्यालयमा नृत्य संगित र खेल शिक्षक परिचालन तथा व्यवस्थापन गर्नका लागि **रु ५ लाख** विनियोजन गरेको छु ।
- मोदी गाउँ पालिका क्षेत्र भित्रका असहाय, जेहेनदार तथा उत्कृस्ट विद्यार्थी छात्रवृतिका लागि **रु ५ लाख** विनियोजन गरेको छु ।

*स्वास्थ्य तर्फ-*

- गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरूबाट आधारभूत तथा अत्यावश्यक स्वास्थ्य सेवा सञ्चालनका लागि निःशुल्क रूपमा वितरण हुने औषधिहरुको व्यवस्थापनका लागि **रु १५ लाख** विनियोजन गरेको छु ।
- स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड कायम गरी सेवाको गुणस्तर अभिवृद्धि गर्नका लागि आवश्यक औजार उपकरणहरुको व्यवस्थापनका लागि **रु ३ लाख** विनियोजन गरेको छु ।

- सुत्केरी आमा र नवजात शिशुको स्वास्थ्य सुधारका लागि सञ्चालित सुत्केरीसँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत कार्यरत दर्ता सहयोगीहरूलाई बिमितहरूको अभिलेखीकरणमा सहजीकरण गर्न आवश्यक लजिस्टिक सामग्री व्यवस्थापनका लागि बजेटको बन्दोवस्त गरेको छु ।
- जिभाय नेपालसँगको साझेदारीमा सञ्चालित मुख स्वास्थ्य परियोजना कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- गाउँपालिकाको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्नुहुने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास कार्यक्रम र निःशुल्क स्वास्थ्य बीमाका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- गर्भवती तथा सुत्केरीहरूका लागि निःशुल्क क्याल्सियम चक्कि वितरणको कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरेको छु ।
- नसर्ने रोगहरूको स्क्रिनिङ, परीक्षण तथा उपचार कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- समुदायस्तरमा गाउँघर क्लिनिक सेवा, खोप सेवा, समुदाय स्वास्थ्य सचेतना र विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम लगायत स्वास्थ्य सम्बन्धी प्रवार्धनात्मक कार्यक्रमहरु सञ्चालनमा खटिने स्वास्थ्यकर्मीहरूको प्रोत्साहनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- मोदी गाउँपालिकाभित्र रहेका २४ महिनासम्मका बालबालिकाहरूको पोषण अवस्थामा सुधार गर्नका लागि **"बच्चा जोखौं : नुन बोकौ"** कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- पोषण कार्यक्रमको कार्ययोजना कार्यान्वयनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- आयुर्वेद तथा प्राकृतिक स्वास्थ्य सेवा सञ्चालन र व्यवस्थापनका लागि आवश्यक रकमको व्यवस्थापन गरेको छु ।
- प्रादेशिक अस्पताल, पर्वतलाई विशेषज्ञ सेवा संचालनका लागि **रु ५ लाख** बजेट विनियोजन गरेको छु ।
- स्वास्थ्य शाखामा Municipal Climate Health Resilient Unit स्थापना तथा संचालन गरिने छ, जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

*युवा तथा खेलकुद :-*

खेलकुद मार्फत खेल प्रतिभाको पहिचान तथा विकास गर्न अध्यक्ष कप र रास्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम संचालनको लागी रु १८ लाख बजेट विनियोजन गरेको छ ।

***लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः-***

- यस बजेट मार्फत लैङ्गिक समानता प्रबर्धन, सामजिक समावेशीकरण र सबै नागरिकहरुलाई समान अवसर र पहुँच सुनिश्चित गर्नको लागी बजेट व्यवस्था गरेको छ । GESI दृस्टीकोणलाई आत्मसाथ गर्दै सहभागीता र समावेशीकरणलाई उच्च प्राथमिकतामा राखेको छ । यस क्षेत्रको समग्र विकासको लागि एकमुस्ठ **रु ३० लाख** रकम विनियोजन गरेको छ ।
- बालमैत्री स्थानिय शासनयुक्त घोषणा भएका सामुदायिक विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि **रु १२ लाख** विनियोजन गरेको छु ।
- मोदी गाउँपालिका अन्तर्गत बाँकी वडाहरुलाई बाल मैत्री स्थानिय शासन युक्त वडा घोषणा कार्यक्रमका लागि **रु ६ लाख** विनियोजन गरेको छु ।

**आर्थिक विकास :-**

*कृषि विकास उपशाखाः*

- कृषि तर्फ उत्पादनमा आधारित अनुदानको लागि रु.**८ लाख** विनियोजन गरेको छु।
- कृषि उपज संकलन केन्द्र स्थापनाका लागि रु **७ लाख** विनियोजन गरेको छु ।
- कृषि उपज सामग्री हरुको बजारीकरणका लागि ***बारी देखि बजार सम्म*** कार्यक्रमका संचालन गर्न रु **५ लाख** विनियोजन गरेको छु ।
- समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रमको लागि रु.**८ लाख** विनियोजन गरेको छु ।
- पचास प्रतिशत अनुदानमा फलफुल बिरुवा तथा तरकारी, बिउ, मिनीकिट वितरण कार्यक्रमलाई रु **सात लाख पचास हजार** विनियोजन गरेको छु ।
- व्यावसायिक मौरीपालन प्रवर्धन कार्यक्रमलाई रु.**५ लाख** विनियोजन गरेको छु ।
- जैविक तथा रासायनिक विषादी वितरण कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- ५०% लागत साझेदारीमा कृषि सामाग्रि वितरण कार्यक्रमको लागि **रु. तिन लाख पचास हजार** विनियोजन गरेको छु ।
- मागमा आधारित व्यवसायिक कृषि तालिमका लागि रु. **३ लाख पचास हजार** विनियोजन गरेको छु ।

- बालि उपचार तथा माटो परिक्षण घुम्ती शिविर संचालन गर्नको लागि रु. **३ लाख** विनियोजन गरेको छु ।
- फलफुल बगैंचा व्यवस्थापन तथा बगैंचा सुधार कार्यक्रमका लागि रु. **२ लाख** पचास हजार व्यवस्थापन गरेको छु ।
- मागमा आधारित नगदे बालि तथा मसला बालि प्रवर्धन कार्यक्रमका लागि रु. **दुइ लाख पचास हजार** विनियोजन गरेको छु ।
